# जिल्ला समन्वय समितिको

## समन्वय तथा अनुगमन
## सम्बन्धी

## कार्यविधि निर्माण प्रयोजनका लागि

# मार्गदर्शन


## जिल्ला समन्वय समिति महासंघ, नेपाल

बबरमहल, काठमाण्डौ



भाद्र -२०८०

*प्राविधिक सहयोग:*

नेसनल लेजिस्लेटिभ एकेडेमी

काठमाण्डौ, नेपाल

# प्रकाशकीय



२०७९ साल पौष २१ र २२ गते पोखरामा सम्पन्न चौथौं राष्ट्रिय परिषदको बैठकले जिल्ला समन्वय समिति महासंघ नेपालको लागि गत वर्ष २०७९ को स्थानीय तहको निर्वाचनबाट ७७ वटै जिल्ला समन्वय समितिमा निर्वाचित पदाधिकारी मध्येबाट महासंघको विधान बमोजिम निर्वाचित भएको केन्द्रीय कार्यसमिति तथा प्रदेश समितिका पदाधिकारीले विद्यमान ऐन कानून बमोजिम कामकाजमा एकरुपता कायम गर्न र आपसी सिकाई तथा सहकार्यका लागि समेत उपयुक्त कार्यविधि र मापदण्ड बनाईदिन संघ तथा प्रदेश सरकारहरूसँग माग गर्दै ज्ञापन पत्रहरू बुझाउने काम गरिए पनि महासंघप्रति ध्यानाकर्षण गराउने प्रयास गर्दै विगतको कार्यकाल बितेको परिप्रेक्ष्यमा जिल्ला समन्वय समितिहरूको कार्य सम्पादन प्रभावकारी बनाउन महासंघको मिति २०७९ चैत्र १२ गते सम्पन्न कार्य सम्पादन समिति बैठकले नेशनल लेजिस्लेटिभ एकेडेमीको परामर्श एवम् प्राविधिक सहयोग लिएर जिल्ला समन्वय समितिहरूका लागि सञ्चालन कार्यविधि बनाउने निर्णय गरी त्यसको समन्वय र व्यवस्थापनका लागि महासंघका उपमहासचिव एवम् काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिका प्रमुख दिपक गौतम संयोजक, जिल्ला समन्वय समिति काठमाण्डौ, भक्तपुर र ललितपुरका प्रमुख क्रमशः सन्तोष बुढाथोकी, ईश्वर बहादुर थापा र ऋषिदेव फूँयाल सदस्य र महासंघका महानिर्देशक सदस्य सचिव रहेको प्रस्तावना मस्यौदा समिति गठन गरिएको थियो ।

समितिले गरेको प्रयासबाट परामर्श सेवा प्रदायक विद्वानहरूले जिल्ला समन्वय समितिको समन्वय तथा अनुगमन सम्बन्धि कार्यविधि, २०८० र समन्वय तथा अनुगमन सम्बन्धि कार्यविधि प्रयोजनका लागि मार्गदर्शन बिषयक मस्यौदा दस्तावेज महासंघको बैठकमा प्रस्तुत गरि सुझावहरू संकलन गरेर यसको अन्तिमिकरण पुस्तकाकारमा तयार गर्न सफल भएकोमा सर्वप्रथम यो जिम्मेवारी लिएर छोटो समय भित्रै तयार गर्न सफल नेशनल लेजिस्लेटिभ एकेडेमी धन्यवादको पात्र छ ।

यी दुई दस्तावेजले नेपालको संविधानले परिकल्पना गरेको सक्षम जिल्ला सभा र जिल्ला समन्वय समितिका लागि उचित मार्गदर्शन गर्नुका साथै ७७ वटै जिल्ला समन्वय समितिका लागि स्तरीय कार्यविधिका माध्यमबाट आफ्नो भूगोल, विकास आवश्यकता तथा सम्भाव्यताका सम्बन्धमा सबै पालिकालाई समन्वय गरेर संघ तथा प्रदेशका निकायबाट हुने सहयोग र सहकार्यबाट जिल्लाको सन्तुलित विकास गर्न कोषेढुङ्गा सावित हुनेछ । महासंघले यसको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्ने प्रतिवद्धता जाहेर गर्दै यी दुई प्रकाशनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।
जय नेपाल

**(राजन मेहता)**
अध्यक्ष
जिल्ला समन्वय समिति महासंघ नेपाल

# विषय-सूचि

## परिच्छेद १


१. परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ परिभाषा ........ ३

१.३ समस्या, चुनौती र अवसर ........ ४

१.४ उद्देश्य ........ ५

१.५ लक्ष्य ........ ५

१.६ औचित्य ........ ६


## परिच्छेद २


समन्वय तथा अनुगमन सम्बन्धी विधि, प्रक्रिया र सीमा ........ ७

२. विधि, प्रक्रिया र सीमा ........ ७

२.१ विधि र प्रक्रिया ........ ७

२.२ प्रतिवेदन निर्माण तथा सार्वजनिकरण ........ ७

२.३ फलोअप कार्यहरू ........ ७

२.४ सीमा ........ ८


## परिच्छेद ३


समन्वय पृष्ठभूमि क्षेत्र र सूचक ........ ८

३. समन्वयका क्षेत्र र सूचक ........ ८

३.१ समन्वयको दर्शनबारे सामान्य चर्चा ........ ८

३.२ समन्वयका क्षेत्रहरू ........ ९

३.३ समन्वय सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास ........ १०

१. संयुक्त राज्य अमेरिका ........ ११

२. क्यानाडा ........ ११

३. अष्ट्रेलिया ........ ११

४. जर्मनी ........ ११

५. स्वीट्जरल्यान्ड ........ ११

६. ब्राजिल ........ ११

७. दक्षिण अफ्रिका ........ १२

८. भारत ........ १३

९. नेदरल्यान्ड ........ १३

१०. पोल्यान्ड ........ १३

३.४ राष्ट्रिय कानूनको अवस्था ........ १३

३.५ समन्वयका बारेमा प्रदेश स्तरमा भएका प्रयत्नहरू ........ १४

३.५.१ गण्डकी प्रदेश ........ १५

३.५.२ कर्णाली प्रदेश ........ १६

३.५.३ सुदूरपश्चिम प्रदेश ........ १६

३.५.४ लुम्बिनी प्रदेश सभा ........ १८

३.५.५ कोशी प्रदेश ........ १९

३.५.६ मधेश प्रदेश ........ २०

३.५.७ बागमती प्रदेश ........ २१

३.६ समन्वयका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू ............................................. २२

३.७ समन्वयका विषय तथा सूचक ............................................................. २३

## परिच्छेद ४

अनुगमनका अवधारणा र अभ्यास ............................................................. २७

४.१ अनुगमन सम्बन्धी अभ्यास ............................................................. २७

४.२ अनुगमनको आवश्यकता महत्त्व, औचित्य र स्थापित मान्यता ......................... २७

४.३ अनुगमन सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास ............................................. २८

क. क्यानाडा ............................................................. २८

ख. संघीय गणतन्त्र जर्मनी ............................................................. २९

ग. गणतन्त्र ईटाली ............................................................. २९

घ. जापान ............................................................. २९

ङ. संयुक्त अधिराज्य बेलायत ............................................................. ३०

च. गणतन्त्र भारत ............................................................. ३०

छ. दक्षिण अफ्रिका ............................................................. ३०

४.४ अनुगमनका लागि आवश्यक सिफारिस सहितको प्रतिवेदन ............................... ३१

क) अनुगमनका क्षेत्र ............................................................. ३३

ख) अनुगमनका नमूना सुचकहरू ............................................................. ३५

## परिच्छेद ५

अबको बाटो ............................................................. ५२

# परिच्छेद-१

## १. परिचय

जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारक्षेत्र भित्र रहेको समन्वय तथा अनुगमन सम्बन्धी कार्यलाई थप व्यवस्थित, सहज र सरल ढंगले कार्यान्वयन योग्य बनाउने उद्देश्यका साथ ***स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ को उपदफा (४) वमोजिम*** यो समन्वय तथा अनुगमन सम्बन्धी कार्य गर्न निर्माण भएका कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण प्रयोजनको लागि यो अवधारणागत मार्गदर्शन निर्माण गरिएको हो । यसमा समन्वय तथा अनुगमन सम्बन्धी अवधारणा र त्यस सम्बन्धी मापनका नमूना सूचकहरू तयार गर्ने प्रयास गरिएको छ । उक्त अवधारणामा आधारित सूचकहरूको प्रयोगले जिल्ला समन्वय समितिलाई समन्वय र अनुगमनको लागि महत्त्वपूर्ण आधार प्रदान गर्नेछ । यस मार्गदर्शनमा संलग्न नमूना सूचकहरूको प्रयोगको आधारमा प्रभावकारी समन्वय र अनुगमनको लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १.१ पृष्ठभूमिः

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ, भनी प्रष्ट व्यवस्था गरेको छ (धारा, ५६(१),) । त्यसैगरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्नेछन् भन्ने कुरा संविधानको सोही धाराको (२) मा रहेको छ । यसप्रकार तहगत सरकार र राज्य शक्तिको प्रयोगका बारेमा संविधानमा प्रष्ट व्यवस्था भएको देखिन्छ । यसका साथै संविधानमा तीनै तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नेछन् भनी तीनै तहका सरकारको कार्य जिम्मेवारीलाई समेत एक साथ उल्लेख गरेको छ (धारा ५६,(६)) । साथसाथै तहगत सरकारको पारस्परिक अन्तर्सम्बन्ध सहकार्य र सामूहिक कार्यशैलीमा आधारित हुनुपर्ने संविधानले जोड दिएको देखिन्छ । यस तथ्यलाई संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी संविधानमा भएको व्यवस्थाले थप स्पष्ट पारेको छ (धारा २३२(१) ) । यसरी नेपालको संघीय शासन प्रणालीमा रहेको तीन तहगत सरकारको व्यवस्था र तिनीहरू बीचको संवैधानिक अन्तर्सम्बन्धको विशिष्ट व्यवस्थाले विश्वका संघीय शासन प्रणाली भएका मुलुकहरू मध्येमा नेपालको छुट्टै पहिचान स्थापित समेत भएको छ ।

उल्लेखित प्रसंगहरूका साथै ध्यान दिनैपर्ने थप विषय कार्यपालिकीय अधिकारका साथमा स्थानीय तहमा रहेको विधायिकी अधिकारको विशिष्ट व्यवस्थाले नेपाली सङ्घीयतालाई थप जनउत्तरदायी बनाएको देखिन्छ । गहन जिम्मेवारी र दायित्वका साथ रहेका स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका, र जिल्ला सभा रहनेछन् भनी संविधानले परिभाषित गरेको छ (धारा ५६ (४) ) । यसका साथै संविधानको धारा २२०(१) मा स्थानीय तह अन्तर्गत रहेको जिल्ला सभा र जिल्ला समन्वय समितिको छुट्टै व्यवस्था सहित कार्य जिम्मेवारी समेत उल्लेख भएको छ ।

संविधानको सोही धारा २२० को उपधारा(३) ले जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भनी समन्वय समितिको जिम्मेवारीलाइ थप परिभाषित गरिदिएको छ ।

त्यस्तैगरी तहगत सरकारको अधिकार बाँडफाँडका बारेमा सविधानले संघको अधिकार अनुसूची-५ मा उल्लेखित विषयमा निहित हुनेछ, प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित हुनेछ, संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लेखित विषयमा निहित हुनेछ । स्थानीय तहको अधिकार अनुसूची -८ मा उल्लेखित विषयमा निहित हुनेछ र संघ, प्रदेश र स्थनीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लेखित विषयमा निहित रहनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तो अधिकारको प्रयोग संविधान र सम्बन्धित तहको सरकारले बनाएको कानून अनुसार र प्रदेशको हकमा संघका कानून र स्थानीय तहको हकमा संघ र प्रदेशको कानून बमोजिम समेत हुनेछ भन्ने व्यवस्था गरेको छ (धारा ५७ (१),...(५) ) ।

यस प्रकार स्थानीय तह अर्न्तगत रहेको जिल्ला समन्वय समितिको अधिकार संविधान, संघीय कानून र प्रदेश कानूनमा उल्लेख भए बमोजिम रहेको देखिन्छ । संविधानको धारा २२० (७)(क),………… (घ) मा क्रमश: जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा संतुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहेका संघीय र प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने र प्रदेश कानून बमोजिम अन्य कार्यहरू गर्ने भन्ने व्यवस्था रहेको छ ।

उल्लेखित संवैधानिक प्रावधानका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (१) का विभिन्न खण्डहरूले जिल्ला सभाको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ जसमा मूलत: जिल्लाभित्रका पालिकाहरू बीच तथा प्रदेश र संघका जिल्लामा रहेका सरकारी कार्यालयहरू, गैरसरकारी संघ सस्थाहरू बीचमा सन्तुलित विकासका लागि नीतिगत तथा कार्यक्रमिक समन्वय र अनुगमनकारी कार्य गर्ने सोको प्रतिवेदन तथा सुझाव, संघ प्रदेश र स्थानीय पालिकाहरूलाई उपलव्ध गराउने र आवश्यकताका आधारमा सार्वजनिक समेत गर्ने कुरा उल्लेख भएको छ ।

संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २६(१) का विभिन्न खण्डहरूमा जिल्ला समन्वय समितिले गर्ने कार्य उल्लेख छ जसमा संघ र प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्यमा, जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने समग्र कार्य र प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्यमा समन्वय गर्ने र सोको अनुगमन गरी बार्षिक प्रतिवेदन प्रदेश समन्वय परिषद्मा पेश गर्नुपर्ने छ भन्ने कुरा रहेको पाइन्छ ।

दर्जनौं प्रचलित संघीय ऐन कानूनहरूले जिल्ला समन्वय समिति प्रमूख र जिल्ला समन्वय अधिकारीले पुरा गर्नुपर्ने जिम्मेवारीका बारेमा उल्लेख गरेको पाईन्छ ।

समन्वय समितिको काम कतर्व्य र अधिकार बारेमा प्रादेशिक कानूनहरू पनि रहेका छन् । उदाहरणको रूपमा (प्रदेश नं ३ प्रदेश सरकार) बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) सम्बन्धी ऐन, २०७५ दफा ५४ (क),.......(ज) जिल्ला समन्वय समितिको काम कर्तव्य अधिकार बारेमा व्यवस्था गरेको छ जसले जिल्ला भित्रका संघ प्रदेश र स्थानीय तहका सरकारी कार्यालय बीच विकास निर्माणका लागि समन्वय र सहकार्य गर्ने, जिल्ला भित्रका विकास निर्माण

योजना कार्यन्वयनको अनुगमन गर्ने, जिल्ला भित्रका सूचना अभिलेख अध्यावधिक गर्ने, जिल्ला भित्रका स्थानीय तहको क्षमता विकास, अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतको कार्यमा सहयोग पुऱ्याउने, जस्ता कार्यहरू मूख्य रूपमा समन्वय समितिले गर्नु पर्ने कुरा उल्लेख भएको पाइन्छ । यस्तै प्रकृतिका कानूनहरू कतिपय प्रदेशले बनाएका छन् भने केही प्रदेश कानून निर्माणको क्रममा रहेको देखिन्छ ।

यस्तै गरी जिल्ला समन्वय समितिका काम कारबाहीका सम्बन्धमा प्रदेशहरूबाट विभिन्न समयमा विभिन्न राजनीतिक निर्णयहरू भएको पाइन्छ जसले समन्वय समितिको समन्वय तथा अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन केन्द्रीत रहेको देखिन्छ । जस्तै गण्डकी प्रदेशको दोस्रो र तेस्रो बैठकले जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहले सहयोग गर्नुपर्ने र सोको लागि साधन स्रोत उपलब्ध गराउनु पर्ने कुरा उल्लेख गरेको देखिन्छ । यस्तै गरी मधेश प्रदेशको तेस्रो बैठकले जिल्ला भित्रका स्थानीय, प्रदेश र संघले सञ्चालन गर्ने विकास निर्माण सम्बन्धी कार्यहरूको समन्वय र अनुगमन सम्बन्धित जिल्ला समन्वय समितिले गर्ने भन्ने निर्णय सार्वजनिक भएको पाइन्छ, साथै कर्णाली प्रदेशको पाँचौं बैठकले प्रदेश समन्वय परिषद्बाट हाल सम्म भएका निर्णयहरूको कार्यान्वयन सम्बन्धी जिल्लागत प्रतिवेदन सम्बन्धित जिल्ला समन्वय समितिले मुख्यमन्त्री कार्यालयमा पठाउनुपर्ने कुरा जिल्लाहरूमा जारी गरेको देखिन्छ । यी सबै अभ्यासहरूले जिल्ला समन्वय समितिको भूमिकाको अपेक्षा गरेको देखिन्छ ।

प्रस्तुत सन्दर्भहरू समेतलाई हेर्दा जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारका बारेमा संविधान, संघ तथा प्रदेशका ऐन कानूनहरू व्यवस्था भई अभ्यासमा रहेको वर्तमान अवस्था देखिन्छ । यसरी कार्यन्वयनमा रहेका सभा वा समन्वय समितिका कामका दुई मुख्य विषयहरू छन् जस्तै समन्वय र अनुगमन गर्ने । संविधान र ऐन कानूनमा उल्लेखित यी दुवै कार्यहरूलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन समन्वय र अनुगमन कार्यको परिभाषा अर्थ र उद्देश्यका बारेमा समेत संक्षिप्त चर्चा गर्न यहाँ सान्दर्भिक ठानिएको छ ।

## १.२ परिभाषाः

जिल्ला समन्वय समितिको समन्वय र अनुगमन सम्बन्धी दुई मुख्य कार्यलाई परिस्थिति सापेक्ष बहुअथर्मा परिभाषा र व्याख्याहरू हुन सक्छन् । समन्वय तथा अनुगमन यी दुवै आफैंमा छुट्टा छुट्टै अवधारणा हुन् । यस प्रस्तुतीको प्रयोजनका लागि यी अवधारणाको परिभाषा र अर्थ विधायिकी मनसायको आधारमा समेत खोज्न बुझ्न र प्रयोग गर्न सकिएमा बढी व्यावहारिक र सान्दर्भिक हुन सक्दछ भन्ने मान्यतालाई समेत सम्मान गर्दै यहाँ संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ । उल्लेखित समन्वय तथा अनुगमन सम्बन्धी अवधारणाहरू संविधान र ऐन कानूनहरूमा प्रयोग भएको प्रसंगहरूलाई हेर्दा नेपाली संघीयताको विशिष्ट व्यवस्थाको रूपमा रहेको देखिन्छ । त्यस्तो विशिष्ट व्यवस्था भनेको तहगत सरकार बीच वा जिल्लास्थित तहगत सरकारका अंगहरूका बीचको अन्तर्सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी संविधानमा उल्लेख भएको पाइन्छ अर्थात तहगत सरकार वा सरकारका अंगहरूबीचको ठाडो वा तेर्सो अर्न्तसम्बन्ध सहकारिता र समन्वयमा आधारित हुनेछ भन्ने उल्लेख भएको छ । यसप्रकार जिल्ला स्थित पालिकाबाट सम्पादन हुने कार्यमा समन्वयको अर्थ पालिकाहरू बीचको पारस्परिक सहकार्य, संघ तथा प्रदेश सरकारका जिल्ला स्थित सरकारी कार्यालयहरूसँग पालिकाहरूको सहकार्य तथा पालिकाहरू र जिल्ला स्थित गैरसरकारी संघ-संस्था बीचको सहकार्य भन्ने बुझिन्छ । त्यस्तो सहकार्य र समन्वयको प्रक्रियाबाट नै सहअस्तित्वको सम्मान हुनेछ । अर्थात समन्वय एउटा यस्तो प्रक्रिया हो जसको उद्देश्य स्थानीय तहबाट सम्पादन हुने कार्यमा सहकार्य र सहअस्तित्व कायम राख्ने, यथासक्य

विवादरहित वातावरणको सृजना गर्ने र राज्य चुस्त दुरुस्त गतिमा चल्न सहयोग पुऱ्याई अपेक्षित लक्ष्य हासिल गर्न सकिन्छ । यसरी समन्वयलाई साझा लक्ष्य प्राप्तिको लागि सामूहिक, एकिकृत प्रयास वा प्रक्रियाको रूपमा बुझन सकिन्छ । यसका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरूका बारेमा यस प्रस्तुतीको पछिल्ला खण्डहरूमा थप व्याख्या गरिनेछ ।

समितिको अनुगमन कार्यको महत्त्व र भूमिका पनि संविधान र ऐन कानूनहरूमा उल्लेख भएका प्रसँगहरूकै सापेक्षतामा हेरिनु पर्दछ । संविधानमा जिल्ला समन्वय समितिले अनुगमन गर्ने प्रसँगलाई हेर्दा विकास निर्माण कार्यमा संतुलन कायम गर्न वा सन्तुलित विकासको लागि अनुगमन गर्ने कुरा उल्लेख भएको पाईन्छ । सन्तुलित विकासलाइ वृहत् तथा संकुचित दुवै अर्थमा हेर्न र बुझ्न सकिन्छ । संविधानमा उल्लेखित प्रसंगलाई व्यापक अर्थमा हेर्न र बुझ्न सान्दर्भिक हुनेछ । यसर्थ सन्तुलित विकास भन्नाले सहभागितामुलक, समावेशी, दीगो, समन्यायिक विकासको व्यापक अर्थमा समेत लिन सकिन्छ । यसप्रकार सभा वा समितिले पालिकाहरूले सम्पादन गर्ने कार्यको समन्वय र अनुगमनको अर्थ पालिकाहरूको नीति र कार्यविधिको समन्वय र अनुगमन हो अर्थात नीति र कार्यविधिको समन्वय र अनुगमन भन्नाले ऐन, कानून, कार्यक्रम, कार्यविधि र कार्य शैली समेतको समन्वय र अनुगमनको क्षेत्र मान्नु पर्दछ । यस प्रकार सभाको जिम्मेवारीमा रहेको समन्वय र अनुगमनका दुई मुख्य कार्यहरूलाई संकुचित र सीमित अर्थ र परिभाषाको बन्दी बनाइनु हुँदैन । यस प्रस्तुतीको पछिल्ला खण्डहरूमा प्रस्तुत समन्वय तथा अनुगमन सम्बन्धी अवधारणका सिद्धान्त, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र परम्पराहरू समेतलाई ध्यानमा राखी व्यापक अर्थ र परिभाषाका साथ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## १.३ समस्या, चुनौती र अवसरः

जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा संविधानमा उल्लेख भएको समन्वय र अनुगमनको जिम्मेवारीलाई समितिले सम्पादन गर्ने क्रममा थुप्रै समस्या र चुनौतीहरू रहेका छन् । नेपालको राजनीतिक तथा प्रशासनिक वृत्तमा अनुगमन, मूल्याङ्कन र समन्वय जस्ता शब्दहरू बारम्बार प्रयोग भइरहने भए पनि यथार्थमा राज्य व्यवस्थाभित्र यसको प्रयोग र अभ्यास ज्यादै कम भएको पाइन्छ । समितिमा रहेको यस किसिमको जिम्मेवारी प्रयोग र अभ्यास पनि प्रभावकारी रूपमा सञ्चालित हुन सकेको देखिदैन । त्यस्तैगरी दिनानुदिन चर्चा परिचर्चाको बहसमा रहेको विकास निश्चित नीतिगत फ्रेमवर्क मार्फत हुने भए पनि नीतिगत अनुगमन मूल्याङ्कन झनै कम हुने गरेको पाईन्छ । राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकासका लागि प्रदेश अनुगमन तथा मूल्याङ्कन दिगदर्शन २०७५ तयार गरेको भए तापनि जिल्ला समन्वय समितिबाट हुने नीतिगत समन्वय तथा अनुगमनका हकमा केही कानूनी प्रबन्धहरू भए पनि कुनै प्रभावकारी कार्यान्वयन भएको पाइँदैन यस अर्थमा हेर्दा यस कार्यमा अपेक्षित नीतिगत पहलकदमीको समेत समस्या रहेको देखिन्छ जसले गर्दा सभा वा समितिले समन्वय र अनुगमन कसरी गर्ने ? समन्वय र अनुगमन किन गर्ने ? समन्वय र अनुगमन कहाँ र कसले गर्ने ? आदि जस्ता प्रश्नहरू नीतिगत समस्याका रूपमा रहेको देखिन्छ । समन्वय तथा अनुगमनको अभ्यासलाई प्रभावकारी रूपमा अगाडि बढाउन यस्ता नीतिगत प्रश्नहरूलाई स्पष्ट पार्न आवश्यक रहेको देखिन्छ । नीतिगत समस्याका रूपमा रहेका यस्ता प्रश्नहरूमा केन्द्रीत भई हालसम्म समाधानका खोजहरूले व्यापकता पाउन सकेको छैन । जसले गर्दा समन्वय र अनुगमनको विधि प्रक्रिया आफैं अलमलमा रहेको देखिन्छ । यसकारण यसबारेमा थप अध्ययन गरी समन्वयका आधार, मापदण्ड र अनुगमनका सूचकहरूको निर्माण र प्रयोग गरी समन्वय र अनुगमन कार्यलाई थप प्रभावकारी

बनाउन  आवश्यक देखिन्छ । सोको अभावमा जिल्ला समन्वय समितिहरूको कार्यमा द्विविधा, अलमल र विविधता रहेको देखिन्छ ।

समन्वय र अनुगमनका लागि चाहिने आर्थिक, भौतिक, प्राविधिक र मानव स्रोतको उचित व्यवस्थापनमा रहेका कमी कमजोरी र अभावका कुराहरू चुनौतिको रूपमा रहेका छन् जसको समयक्रममा तहगत सरकारका तर्फबाट समाधान खोजिनु पर्दछ ।

जिल्ला समन्वय समितिलाई संविधान र ऐन, कानूनहरूले मूलतः स्थानीय तहबाट सम्पादन हुने कामको समन्वय र अनुगमनको भूमिका प्रदान गरी एउटा राम्रो अवसर दिएको छ । तुलनात्मक रूपमा कार्यकारी भूमिका भन्दा समन्वय र अनुगमनकारी कामको भूमिका एउटा विशिष्ट र अहं महत्त्वको कार्य क्षेत्र हो । जिल्ला सभा वा समितिको विशुद्ध समन्वय र अनुगमनको भूमिका एउटा ठूलो सुविधा पनि हो । यसलाई जिल्ला सभा वा समितिले आफ्नो असाध्यै महत्त्वको अवसरको रूपमा लिनुपर्दछ । विकास नीति, योजना र कार्यक्रमको सफल कार्यन्वयन र विकास प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाइ सार्वजनिक जवाफदेहीता सुनिश्चित गर्न संघ प्रदेश र स्थानीय सरकार बीच ठाडो र तेर्सो रूपमा समन्वय सहकार्य र अनुगमनको महत्त्वपूर्ण भूमिका हुन्छ । संघ, प्रदेश र स्थानीय सरकारले जिल्ला तहमा गर्ने विकास कार्यक्रमहरूको अनुगमन र समन्वयको जिम्मेवारी पाएको जिल्ला समन्वय समितिलाई प्राविधिक क्षमता र दक्षतामा ध्यान दिन नसक्दा संघीयता कार्यन्वयनमा प्रभावकारीता आउन सकेको छैन र  नागरिकहरूले लोकतन्त्रका लाभहरू लिन नसकेको अवस्था छ। व्यवस्था परिवर्तन भए तापनि अवस्था परिवर्तनको अनुभूति हुन सकेको छैन । अनुगमनको माध्यमद्वारा नीति, योजना तथा कार्यक्रमको असर र प्रभाव अध्ययन गरी प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक कार्यमा समन्वय गरी विकास कार्यलाई छिटो, छरितो र व्यवस्थित बनाउन नवीन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्नु आजको आवश्यकता रहेको छ ।

## १.४ उद्देश्यः

जिल्ला समन्वय समितिले समन्वय तथा अनुगमन सम्बन्धी आफ्नो कार्यलाई प्रभावकारी ढंगबाट कसरी सम्पादन गर्ने ? किन गर्ने ? र कस्ले गर्ने भन्ने समस्याका प्रश्नहरू बारेमा थप प्रष्ट हुन आवश्यक रहेको प्रसंग माथि उल्लेख भइसकेको हुँदा यस प्रस्तुतीको उद्देश्य सभा वा समितिले प्रभावकारी समन्वय र अनुगमनको जुक्ति , प्रक्रिया र औजारहरूको खोज गर्नु, समन्वय र अनुगमनको महत्त्वलाई थप उजागर गर्दै समन्वय र अनुगमनको जिम्मेवारी प्रति सभा वा समितिलाई थप अभिप्रेरित गर्नु आवश्यक छ । उल्लेखित उद्देश्यहरू प्राप्त गरी समन्वय तथा अनुगमनको कार्यलाई प्रभावकारी सञ्चालन गरिएमा घोषित लक्ष्य प्राप्त गर्न सकिनेछ ।

## १.५ लक्ष्यः

समन्वय तथा अनुगमन सम्बन्धी यस मार्गदर्शनको कार्यान्वयनले  जिल्ला समन्वय समितिलाई समन्वय र अनुगमनको कार्य सम्पादनको लागि एउटा अवधारणात्मक तथा वस्तुपरक मार्ग उपलब्ध गराउनेछ । जिल्ला स्थित तहगत सरकारका अंगहरूबीचको सहकार्य, समन्वय र स्थानीय स्तरमा सम्पादित कार्यहरूको ठाडो र तेर्सो अनुगमनबाट नेपाली संघीयताको कार्यान्वयनमा सहजता आउने छ । संविधान र कानूनहरूमा तोकिए बमोजिम स्थानीय तहको काम कर्तव्य र अधिकारको प्रयोग र कार्यहरूको सम्पादनमा सहयोग पुग्नेछ । जसले गर्दा स्थानीय तहका समग्र कार्यलाई नियमित गर्न मद्दत पुग्नेछ । महालेखा परीक्षक र अख्तियार दुरुपयोग जस्ता संवैधानिक आयोगहरूले स्थानीय सरकारबाट सम्पादित कामका सन्दर्भमा दर्शाएका सुधारका विषय वा क्षेत्रहरूमा थप नियमित आउन सक्नेछ । संविधानको कार्यान्वयनले थप गति प्राप्त गर्नेछ  । परिणाममा जनताको घर दैलोबाट नै लोकतन्त्र सुदृढ र सबल बनाउन मद्दत गर्नु  यसको लक्ष्य रहेको छ ।

## १.६ औचित्यः

जिल्ला समन्वय समितिको कामको विद्यमान अवस्थाका बारेमा समन्वय तथा अनुगमनका कुराहरू बारम्बार आइरहे तापनि ठोस नीति तथा वैधानिक प्रबन्धहरूका साथ गतिमान हुन सकेको अवस्था छैन । हालैका वर्षहरूमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ तथा स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ कार्यान्वयनको क्रममा जिल्ला समन्वय समितिको भूमिका तथा काम कारबाहीले थोरै भए पनि गति प्राप्त गरेको छ । यी दुबै कार्यबिधिमा समन्वय समितिलाई तोकिएका कार्यहरू सरकारले स्थानीय सरकार सञ्चालन ऐन को दफा ८० को प्रयोजनका लागि गाउँ/नगरपालिकालाई मूल्याङ्कन गर्ने र संस्थागत स्वमूल्याङ्कनको नतिजामा गुणस्तर परीक्षण सम्बन्धित केही अधिकार प्रत्यायोजित वा निक्षेपित गरेको छ । तर समन्वय समितिले प्राप्त गरेको समन्वय र अनुगमन सम्बन्धी संवैधानिक हैसियत र जिम्मेवारीलाई प्रभावकारी ढंग सम्पादन गर्न भने थुप्रै कार्यहरू हुन बाँकी देखिन्छ । यसै क्रममा पन्ध्रौं योजनाले अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन सम्बन्धी छुट्टै ऐनको तर्जुमा गरी कानूनी प्रबन्ध गर्ने, अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सहभागितामूलक, आधुनिक र नविनतम् प्रविधिको प्रयोग गर्ने, अनुगमन तथा मूल्याङ्कन कार्यलाई गुणस्तरीय बनाउन सम्बन्धित निकायको संहिता तथा स्तरीय मापदण्ड बनाई लागु गरिने, अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित निकायहरूसँग सहकार्य र सूचनामा समन्वय गरिने, जिल्ला समन्वय समिति लगायत अनुगमन र समन्वयकारी निकायहरूलाई अनुगमन तथा मुल्यांकन कार्यमा प्रभावकारी बनाउने जस्ता कुराहरू उल्लेख भएको भए तापनि सोको यथोचित कार्यान्वयन भएको छैन ।

यस्तैगरी समन्वय र अनुगमनका कार्य सम्पादनको लागि दर्जनौं संघीय ऐन, प्रदेश ऐन र कानूनहरूमा जिल्ला समन्वय समितिलाई विभिन्न मात्रा र प्रकृतिका समन्वय र अनुगमन सम्बन्धी अधिकारको प्रबन्ध गरेको देखिन्छ । तर उल्लेखित कार्यलाई कसरी सम्पादन गर्ने भन्ने बारेमा कार्यविधिगत कानूनी प्रबन्धका साथ स्पष्ट गरिनु जरुरी छ अर्थात समन्वय र अनुगमन “कसरी ?, कसले ?, किन ?” भन्ने जस्ता नीतिगत र व्यावहारिक प्रश्नमा समेत प्रष्टता आउन जरुरी छ । त्यसकारण उल्लेखित विषय वा प्रसंगहरूको यथाचित संवोधनका साथ समन्वय तथा अनुगमन सम्बन्धी अवधारणात्मक मार्गदर्शन निर्माण गर्न अत्यावश्यक रहेको देखिन्छ । यस मार्गदर्शनबाट सो आवश्यकतालाई पुरा गर्ने अपेक्षा गरिएको छ । यसले समिति वा सभालाई समन्वय र अनुगमनको केही नमूना, आधार र सूचकहरूको प्रयोगको लागि प्राप्त हुनेछ । जसले देशभरका सभा वा जिल्ला समन्वय समितिलाई अगाडि बढ्न थप सहयोग पुग्नेछ । सभाको समन्वय तथा अनुगमन कार्यसम्पादनमा थप एकरूपता, भरोसायोग्य, प्रमाणिकता र मान्यतायुक्त वातावरण निर्माणमा मद्दत पुग्ने हुनाले यस दस्तावेजको औचित्य रहनेछ ।

# परिच्छेद-२

## समन्वय तथा अनुगमन सम्बन्धी विधि, प्रक्रिया र सीमा

### २. विधि, प्रक्रिया र सीमाः

जिल्ला समन्वय समितिले समन्वय र अनुगमनको आफ्नो कार्य सम्पादन निश्चित अध्ययनको ढाँचामा आधारित वैधानिक विधि र पद्दतिमा आधारित भएर सञ्चालन गरिनु पर्दछ । त्यसो गरिएमा मात्र समन्वय तथा अनुगमनकारी कार्यले थप विश्वासनीयता, प्रमाणिकता र मान्यता प्राप्त गर्न सक्दछ । त्यसकारण यस मार्गदर्शनमा समन्वय र अनुगमनको अध्ययनको विधिगत ढाँचा, प्रक्रिया र सीमाका केही पक्षहरूका बारेमा पनि संक्षिप्त चर्चा गर्न सान्दर्भिक ठानिएको छ ।

### २.१ विधि र प्रक्रियाः

जिल्ला समन्वय समितिबाट समन्वय र अनुगमनको कार्य सम्पादनका विधि व्याख्यात्मक र विवरणात्मक अध्ययनको ढाँचामा आधारित हुनेछ । अर्थात्, समन्वय तथा अनुगमन कसरी ? कसले ? किन ? जस्ता प्रश्नहरूमा आधारित भई संविधान ऐन कानूनहरूले तोकिएका कार्यहरू सम्पादन भएका छन् वा छैनन् भन्ने तथ्यहरूको संकलन र विश्लेषणबाट परिणामहरू पत्ता लगाइनेछ । अध्ययनको क्रममा संख्यात्मक तथा गुणात्मक तथ्यांकहरू संकलन गरिनेछ । तथ्याङ्कका प्रकृति प्राथमिक तथा द्वितीय स्रोतमा आधारित हुन सक्नेछ । प्राथमिक स्रोतबाट सूचना वा तथ्यांक संकलनको लागि समिति वा सभाले विभिन्न कार्यहरू गर्न सक्नेछ जस्तै सरोकारका निकाय, संस्था बीच परामर्शका विभिन्न प्रकारका कार्यहरू हुन सक्नेछ जस्तै दुई पक्षीय वा बहुपक्षीय सहभागिताका बैठकहरू, सूचना आदान-प्रदान र भेटघाट आदि । सूचना वा तथ्याङ्क संकलनका औजारको रूपमा प्रश्नावली र चेकलिस्टको प्रयोग, अन्तर्वार्ता र छलफलका विभिन्न तरिकाहरूको प्रयोग समेत हुन सक्नेछन् । त्यस्तैगरी द्वितीय स्रोतबाट सूचना वा तथ्यांक संकलनका पनि विविध तरिकाहरू अपनाउन सकिनेछ जस्तै संस्थाका लिखित सामाग्रीहरूको अध्ययन वा डेस्करिभ्यू, संस्थाका निर्णयहरू, पारित प्रस्ताव, प्रकाशित प्रकाशनहरू वा बुलेटिन, आवधिक प्रतिवेदन आदिहरूको अध्ययन हुन सक्नेछन् ।

### २.२ प्रतिवेदन निर्माण तथा सार्वजनिकीकरणः

समन्वयकारी कार्य र अनुगमन सम्बन्धी कार्यमा प्रतिवेदन निर्माण एउटा महत्त्वपूर्ण कार्य हो । व्यवस्थित प्रतिवेदन निर्माण गर्न सकियो भने मात्र कामले सार्थकता पाउन सक्नेछ । अनुगमनका क्रममा प्राप्त तथ्यांकहरूलाई अध्ययन तथा विश्लेषण गरी समन्वय तथा अनुगमन अध्ययन प्रतिवेदन निर्माण गरिनेछ । प्रतिवेदन निर्माणमा उपयुक्त विधि प्रक्रिया अपनाउन सकिनेछ जस्तै (SWOT) स्वोट विश्लेषण आदि । अध्ययन प्रतिवेदनलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायहरूमा पठाउने तथा सरोकारवाला संघ संस्थाहरूलाई उपलब्ध गराउने र सार्वजनिकीकरण गर्ने कार्य समेत गर्न उचित हुनेछ ।

### २.३ फलोअप कार्यहरूः

समन्वय तथा अनुगमन कार्यलाई सभा वा समितिले वार्षिक क्यालेण्डर तयार गरी समस्या बद्ध रूपमा सञ्चालन गर्नुपर्दछ । त्यसो गर्दा अनुगमनका अघिल्लो प्रतिवेदनमा उल्लेख भएका प्रश्नहरूको समाधानका पहल प्रयत्नका बारेमा संम्बन्धित निकाय वा संस्थाका कार्यहरूको समेत पछिल्ला अनुगमनको क्रममा तुलनात्मक अध्ययन गर्न सकिने छ । जसले समन्वय र अनुगमन

कार्यलाई भविष्यमा थप प्रभावकारी बनाउन मद्दत पुग्न सक्नेछ। सभा वा समितिले आफ्नो समन्वय तथा अनुगमनमा सरोकार राख्ने क्षेत्रसँग नियमित फलोअपका कार्यतालिका निर्माण गरी सम्पर्क सम्बन्धलाई जिवित बनाउन उपयुक्त हुनेछ।

**२.४ सीमाः**

यो मार्गदर्शन सम्बन्धी प्रस्तुती जिल्ला समन्वय समितिहरूको विषयहरू संविधान र ऐन कानूनहरूले स्थानीय तहलाई तोकिदिएका जिम्वेवारीको सीमा भित्र रहनेछ । यो अवधारणपत्रमा आधारित भई सभा वा समितिले आफ्नो कार्यविधिगत कानूनी प्रबन्धहरू गर्न सक्नेछन् र आफ्ना समन्वयकारी कार्य र अनुगमनका कामहरूलाई व्यवस्थित गर्न सक्नेछन् ।

# परिच्छेद ३

# समन्वयका पृष्ठभूमि क्षेत्र र सूचक

**३. समन्वयका क्षेत्र र सूचकः**

**३.१ समन्वयको दर्शनबारे सामान्य चर्चा :**

सरकारी कार्यहरूमा समन्वयको दर्शन विभिन्न शाखा र सरकारका तहहरूले साझा लक्ष्यहरू प्राप्त गर्न र जनताको हितमा काम गर्न एकताबद्ध र प्रभावकारी रूपमा काम गर्नुपर्छ भन्ने धारणाको वरिपरि घुम्छ। यसले विभिन्न सरकारी कार्यहरूको अन्तरनिर्भरता र अन्तरसम्बन्धलाई मान्यता दिन्छ र सहयोग, सञ्चार र सहयोगको आवश्यकतालाई जोड दिन्छ।

सरकारी कार्यहरूमा समन्वय महत्त्वपूर्ण छ किनभने आधुनिक सरकारमा धेरै विभागहरू, एजेन्सीहरू, र अख्तियारका स्तरहरू हुन्छन्, प्रत्येक विशिष्ट कार्य र कार्यहरूका लागि जिम्मेवार हुन्छन् । यी कार्यहरू विधायिका र कार्यकारी निर्णय लिनेदेखि लिएर नीति कार्यान्वयन, सेवा प्रवाह र कार्यान्वयनसम्म हुन सक्छन् । उचित समन्वय बिना, सरकारी कार्यहरू असंबद्ध हुन सक्छन्, जसले अकार्यक्षमता, प्रयासको दोहोरो, स्रोतको बर्बादी र विरोधाभासी नीतिहरूको नेतृत्व गर्दछ। यहाँ केही प्रमुख पक्ष र सिद्धान्तहरू छन् जसले सरकारी कार्यहरूमा समन्वयको दर्शनलाई आधार दिन्छः

**साझा लक्ष्यहरूः**

समन्वयका लागि विभिन्न सरकारी निकायहरू बीच लक्ष्य र उद्देश्यहरूको साझा समझ चाहिन्छ। स्पष्ट र पारस्परिक सहमतिका परिणामहरू स्थापित गर्न आवश्यक छ जुन प्राप्त गर्न सबै पक्षहरू प्रयास गर्छन् । साझा लक्ष्यहरूले उद्देश्यको भावना सिर्जना गर्दछ र समन्वय प्रयासहरूलाई सुविधा दिन्छ।

**सञ्चार र सूचना साझेदारीः**

प्रभावकारी समन्वय बलियो सञ्चार च्यानलहरू र सूचना साझेदारी संयन्त्रहरूमा निर्भर गर्दछ । सरकारी निकायहरूले सान्दर्भिक जानकारी, तथ्याङ्क र अन्तर्दृष्टिहरू आदान-प्रदान गर्नैपर्छ ताकि हातमा रहेका मुद्दाहरूको व्यापक बुझाई सुनिश्चित गर्न र सूचित निर्णय प्रक्रिया सक्षम गर्न सकियोस् ।

**्सहकार्य र सहयोगः**

समन्वयमा विभिन्न सरकारी निकायहरू बीचको सहकार्यात्मक प्रयासहरू समावेश हुन्छन् । यसले साझा लक्ष्यहरू प्राप्त गर्न सँगै काम गर्ने, स्रोतहरू जम्मा गर्ने, र गतिविधिहरू समन्वय गर्ने समावेश गर्दछ । सहकार्यले संयुक्त योजना, नीति विकास, स्रोत बाँडफाँड र सेवा प्रवाहको रूप लिन सक्छ ।

**अन्तर-एजेन्सी र अन्तरविभागीय समन्वयः**

समन्वय व्यक्तिगत सरकारी निकायहरू भन्दा बाहिर फैलिएको छ र अन्तर-एजेन्सी र अन्तरविभागीय सहयोग समावेश गर्दछ । यसले जिम्मेवारीका धेरै क्षेत्रहरू फैलाउने जटिल समस्याहरूलाई सम्बोधन गर्न विभिन्न एजेन्सीहरू र विभागहरू बीचको साङ्लोहरू तोड्न र सम्बन्धलाई बढावा दिन आवश्यक छ ।

**स्पष्ट भूमिका र जिम्मेवारीहरूः**

राम्ररी परिभाषित भूमिका र जिम्मेवारीहरूले भ्रम र प्रयासहरूको दोहोरीबाट बच्न मद्दत गर्दछ । प्रत्येक सरकारी निकायले आफ्नो विशिष्ट कार्य, कार्य र अधिकार क्षेत्रहरूको स्पष्ट बुझाइ हुनुपर्छ । भूमिकामा स्पष्टताले दक्षता र जवाफदेहितालाई बढावा दिन्छ ।

**लचिलोपन र अनुकूलनताः**

समन्वय परिवर्तनशील परिस्थिति र विकसित आवश्यकताहरू अनुरूप हुनुपर्दछ । सरकारहरू लचिलो र नयाँ चुनौतिहरू देखा पर्दा वा विद्यमानहरू परिवर्तन हुँदा उनीहरूको समन्वय संयन्त्र र प्रक्रियाहरू समायोजन गर्न सक्षम हुनुपर्छ ।

**नेतृत्व र शासनः**

प्रभावकारी समन्वयका लागि बलियो नेतृत्व र शासन संरचना चाहिन्छ । सरकारी नेताहरूले समन्वयको संस्कृति प्रवर्धन गर्न, अपेक्षाहरू सेट गर्न, सहयोगलाई सहज बनाउन र द्वन्द्वहरू उत्पन्न हुँदा समाधान गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

**निरन्तर मूल्याङ्कन र सुधारः**

समन्वय प्रयासहरू सुधारका लागि क्षेत्रहरू पहिचान गर्न नियमित मूल्याङ्कन र मूल्याङ्कनको अधीनमा हुनुपर्छ । प्रतिक्रिया संयन्त्र र कार्यसम्पादन मेट्रिक्सले समन्वयको प्रभावकारिता मापन गर्न र प्रक्रिया र अभ्यासहरूमा परिष्कृतहरूलाई मार्गदर्शन गर्न मद्दत गर्न सक्छ ।

सरकारी कार्यमा समन्वयको दर्शनले प्रभावकारी शासन भनेको सामूहिक प्रयास हो भनी स्वीकार गर्दछ । समन्वयका सिद्धान्तहरू अंगालेर सरकारहरूले जटिल समस्याहरूलाई सम्बोधन गर्ने, स्रोतसाधनहरूको प्रभावकारी रूपमा लाभ उठाउन र आफ्ना नागरिकहरूलाई गुणस्तरीय सेवाहरू उपलब्ध गराउने क्षमता बढाउन  सक्छन् ।

**३.२ समन्वयका क्षेत्रहरूः**

अन्तराष्ट्रिय रूपमा भएका अध्ययन र अनुभवका अधारमा जिल्ला स्तरबाट गरिने समन्वयका बारेमा सन्दर्भ सहित अध्ययनका निम्न १५ विषयहरू सान्दर्भिक छन्:

१. स्थानीय तहमा प्रभावकारी सुशासन र सेवा प्रवाहका लागि जिल्लास्तरीय समन्वय महत्त्वपूर्ण हुन्छ । (विश्व बैंक, २०१५)
२. प्रभावकारी जिल्लास्तरीय समन्वयका लागि सरकारी निकायहरू, नागरिक समाजका संस्थाहरू र क्षेत्रबीचको सहकार्यलगायत बहुपक्षीय समन्वय महत्त्वपूर्ण हुन्छ । (OECD, 2016)
३. विभिन्न कलाकारहरूका लागि स्पष्ट भूमिका र जिम्मेवारीहरू स्थापित गरी उनीहरूबीच प्रभावकारी सञ्चार र सूचना आदानप्रदान हुने सुनिश्चित गरी जिल्लास्तरीय समन्वयलाई सहज बनाउन सकिन्छ । (UNDP, 2012)
४. कार्यक्रम र आयोजनाहरूको संयुक्त योजना र कार्यान्वयन जिल्ला स्तरका गतिविधिहरू समन्वय गर्ने प्रभावकारी माध्यम हो । (विश्व बैंक, २०१५)
५. स्थानीय सरकारका पदाधिकारी र सरोकारवालाको क्षमता अभिवृद्धि गरी जिल्लास्तरीय समन्वयलाई सहयोग गर्न सकिन्छ । (UNDP, 2012)
६. समन्वय संयन्त्र औपचारिक वा अनौपचारिक हुन सक्छ, र अन्तर-एजेन्सी समिति वा कार्यदलहरूको स्थापना, वा अनौपचारिक नेटवर्कहरूको प्रयोग समावेश हुन सक्छ । (OECD, 2016)
७. प्रभावकारी जिल्ला-स्तरीय समन्वयका लागि स्पष्ट संस्थागत ढाँचा र प्रोटोकलहरू स्थापना गर्न आवश्यक छ, जसमा निर्णय प्रक्रिया र विवाद समाधान संयन्त्रहरू समावेश छन् । (विश्व बैंक, २०१५)
८. जिल्ला-स्तरीय समन्वयलाई डाटा सङ्कलन र रिपोर्टिङका आवश्यकताहरू सहित साझा मापदण्ड र प्रक्रियाहरूको प्रयोगद्वारा समर्थन गर्न सकिन्छ । (UNDP, 2012)
९. सफल जिल्ला-स्तरीय समन्वयका लागि अन्तर्राष्ट्रिय संस्थाहरू र विकास साझेदारहरू लगायत बाह्य कलाकारहरूको सहभागिता आवश्यक हुन सक्छ । (OECD, 2016)
१०. कमजोर शासन संरचना र सीमित स्रोतसाधन भएका देशहरूमा जिल्लास्तरीय समन्वय चुनौतीपूर्ण हुनसक्छ । (विश्व बैंक, २०१५)
११. साझा डाटा प्लेटफर्मको स्थापना र डिजिटल सञ्चार उपकरणको प्रयोगलगायत प्रविधिको प्रयोगबाट जिल्लास्तरीय समन्वयलाई सुधार गर्न सकिन्छ । (UNDP, 2012)
१२. प्रभावकारी जिल्लास्तरीय समन्वयका लागि विभिन्न कलाकारहरूबीच विश्वास र सहकार्यको स्थापना आवश्यक हुन्छ । (OECD, 2016)
१३. गरिबी न्यूनीकरण र दीगो विकास लगायतका बृहत् राष्ट्रिय विकास लक्ष्यहरूलाई समर्थन गर्न जिल्ला स्तरमा समन्वय प्रयोग गर्न सकिन्छ । (विश्व बैंक, २०१५)
१४. जिल्लास्तरीय समन्वयलाई समूदायमा आधारित संस्था र अन्य स्थानीय तहको संरचनाको स्थापनाबाट सहयोग गर्न सकिन्छ । (UNDP, 2012)
१५. समन्वयका गतिविधिहरूको निरन्तर अनुगमन, मूल्याङ्कन र स्थानीय समूदायमा त्यसको प्रभावबाट जिल्लास्तरीय समन्वयलाई सुदृढ गर्न सकिन्छ । (OECD, 2016)

### ३.३. समन्वय सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासः

विवाद समाधानका लागि अन्तर्राष्ट्रिय स्तरमा अभ्यासमा आएका समन्वयकारी संरचनाहरूका भिन्ना भिन्नै अनुभवहरू रहेका छन् । अमेरिकामा संघीय निकायले समाधान गर्छ भने क्यानाडामा मिनिस्टरीयल काउन्सिल वा कन्फरेन्सहरूको अभ्यास छ । भारतमा इन्टर स्टेट काउन्सिलसहित जोनल काउन्सिल क्रियाशील भएको पाईन्छ । यसै गरी जर्मनी ब्राजिल स्वीटजरल्याण्ड सहितका देशमा संक्षिप्त प्रकृतिका समन्वयकारी संस्थाको अभ्यास देखिन्छ भने दक्षिण अफ्रिकामा भने झण्डै एक दर्जन समन्वयकारी संयन्त्र क्रियाशील देखिन्छ । यी सबै देशहरूको संक्षेपमा समन्वयकारी संयन्त्र र तिनको भूमिकाका बारेमा यस प्रकार उल्लेख गरिन्छ ।

## १. संयुक्त राज्य अमेरिका

- श्रम सम्बन्धी र प्रदुषण सम्बन्धी विवाद संघीय निकाय (Federal Agency)ले समाधान गर्छ ।
- कतिपय अन्य विषयहरू राजनीतिक संकायबाट समाधान गर्ने गरिन्छ ।
- दुईवटा राज्यहरूले गरेका सम्झौताहरूको कारणबाट वा अधिकारको प्रयोगबाट तेस्रो राज्यमा परेको असर, क्षति वा प्रभावका विषयमा सिनेटको न्यायिक समितिले समाधान गर्छ ।

## २. क्यानाडा

- अन्तरराज्य विवाद समाधान सम्बन्धी समन्वयकारी संयन्त्रको रूपमा (First Ministers Conference, Annual premieres Conference, Ministrial Council) जस्ता निकायहरू रहेका छन् ।
- क्यानाडामा संघीय तहमा शिक्षा मन्त्रालय छैन । नभए तापनि शिक्षा क्षेत्रमा उसको लगानी रहँदै आएको छ । त्यहाँ संघीय शिक्षा मन्त्रालयको सट्टा प्रान्तीय शिक्षा मन्त्रीहरूको परिषद् ( Council of Education Ministers in Canada) रहेको छ । त्यहाँ स्थानीय स्कुल बोर्डले प्राप्त गर्ने अनुदानको मात्रा साधारण विद्यार्थी संख्या, विशेष विद्यार्थी संख्या र विद्यालयको अवस्थितिका आधारमा प्राप्त गर्छन् ।
- सन् १९०१ देखि क्यानाडामा (Federation of Canadian Municipality (FCM) अवस्थित क्यानेडियन नगरपालिका महासंघ क्रियाशील छ । यसका सदस्य संस्थाहरू दुई हजार भन्दा बढी छन् । यसले प्रोभिन्सियल र क्षेत्रीय तहका नगरपालिका संघको समेत प्रतिनिधित्व गर्छ । यसले संघीय तहमा उनी नीतिगत र कार्यक्रमिक छलफलमा भाग लिन्छ ।

## ३. अष्ट्रेलिया

- राज्यहरू बीचको अन्तर सम्बन्ध व्यवस्थित गरी विवाद समाधान गर्न परिषद्को व्यवस्था गरिएको छ । जसमा प्रधानमन्त्री अध्यक्ष र सदस्यहरूमा मुख्यमन्त्री र स्थानीय सरकारको प्रमुख रहने व्यवस्था छ ।
- यसैगरी स्वास्थ्य प्रणालीको सञ्चालन, व्यवस्थापन र कोषको परिचालनका लागि अष्ट्रेलियन स्वास्थ्य काउन्सिल स्थापना भएको छ ।

## ४. जर्मनी

- सबै राज्य (Landers)का प्रतिनिधिहरू रहने संवैधानिक परिषद्, मेलमिलाप समितिहरू, मन्त्री र राष्ट्रपतिको सम्मेलन जस्ता समन्वयकारी संरचनाहरू क्रियाशील छन् ।

## ५. स्वीट्जरल्यान्ड

- त्यहाँका स्थानीय सरकारहरूबीच दुईपक्षीय र बहुपक्षीय समझदारी र सहकार्य (Inter Municipal Cooperation) हुने गरेको छ । क्यान्टोन (प्रदेश)हरूले नगरपालिकाहरूबीच समन्वय र सहकार्यका लागि कानूनी व्यवस्था, प्रोत्साहन अनुदान, सहकार्यलाई अनिवार्य बनाउन सम्भावित ढाँचा प्रदान गर्ने गर्छन् ।

## ६. ब्राजिल

- ब्राजिलमा युनियन (संघ) राज्य (प्रदेश) र नगरपालिकाबीच समन्वय गर्ने संरचनामा एउटा राष्ट्रिय विज्ञ नीति परिषद् (CONFAZ) रहेको छ । त्यहाँ प्रान्तहरूबीच ठूला औद्योगिक लगानी ल्याउन हुने वित्तीय विवादको निरूपण गर्न यसले भूमिका खेल्दै आएको छ । यसलाई थप शक्तिशाली बनाउन छलफल चल्दै छ ।

- शिक्षा क्षेत्रमा समन्वयका लागी युनियन (संघ) सरकारले National Fund for the Promotion of Basic Education (FUNDEF) स्थापना गरेको छ। यस कोषमा प्रदेश र नगरपालिकाहरूले आ-आफ्नो राजश्वको १५ प्रतिशत जम्मा गर्नुपर्ने व्यवस्था छ। वार्षिक विद्यार्थी गणनाका आधारमा रकम प्राप्त गर्ने हुँदा साओपालो प्रान्तमा ६०० मिलियन नगरपालिकाले वार्षिक रूपमा प्रदेशलाई दिएको थियो भने रियो दि जेनेरियो प्रदेशमा उल्टै ४०० मिलियन प्रदेशले नगरपालिकालाई दिनुपरेको थियो।

## ७. दक्षिण अफ्रिका

१. अन्तर-सरकारी नीति तथा राजनीतिको तर्जुमा, बहुक्षेत्रीय नीतिगत विषय, साझा जिम्मेवारीका विषयगत मन्त्रालयहरूको मामिला र सरकारी संयन्त्रको क्रियाशीलता र संवैधानिक विषयमा बाध्यकारी निर्णय गर्न राष्ट्रपतिको अध्यक्षतामा अन्तर-सरकारी मञ्च (Inter Governmental Forum) को गठन हुने व्यवस्था छ। यस संरचनामा उप-राष्ट्रपति, केन्द्रीय सरकारका मन्त्रीहरू, प्रदेश कार्यकारी परिषद्का अध्यक्षहरू, राष्ट्रिय वित्त आयोगका र लोक सेवा आयोगका अध्यक्ष तथा साउथ अफ्रिकन लोकल गभरमेन्ट एशोशिएसन (SALGA) का अध्यक्ष तथा राष्ट्रिय सरकारका सबै विभागका महानिर्देशकहरू सदस्य रहने व्यवस्था छ।

२. दोस्रो संरचना हो 'कार्यकारी परिषद्का सदस्य तथा मन्त्रीहरूको समिति' (Committee of Ministers and Members of Executive Council (MINMEC)। यो राष्ट्रिय संरचनाले अन्तर-सरकार नीति तथा कार्यनीतिहरूको तर्जुमामा मार्गदर्शन, सूचनाको हस्तान्तरण र विज्ञीय स्रोतको बाँडफाँड गर्दछ। यसमा राष्ट्रिय तथा प्रदेशका सरकारका मन्त्रीहरू सदस्य रहेका हुन्छन्।

३. तेस्रो संरचना हो, संवैधानिक रूपले स्थापित राष्ट्रिय विज्ञ आयोग। यस आयोगले संघ, प्रदेश र स्थानीय सरकारले संकलन गर्ने राजश्व तथा आयको बाँडफाँडका लागि सूत्रहरू तयार गरी सिफारिस गर्छ र तीनवटै तहका सरकारले लिने ऋणको विधि तय गर्छ। यस आयोगमा अध्यक्ष, उपाध्यक्ष, राष्ट्रपतिले मनोनित गरेका ९ जना, प्रत्येक प्रान्तीय कार्यकारी परिषद्ले तोकेका ९ जना र साउथ अफ्रिकन लोकल गभरमेन्ट एशोसिएशन (SALGA) ले मनोनित गरेका २ जना सदस्य रहने व्यवस्था रहेको छ।

४. चौथौ संरचना हो, दक्षिण अफ्रिका राष्ट्रिय शिक्षा नीति, १९९६ ले शिक्षा मन्त्रीहरूको परिषद् (Council of Education Ministers – CEM) स्थापना गरेको छ। यो परिषद्मा राष्ट्रिय शिक्षामन्त्री, राष्ट्रिय संसदको शिक्षा समितिको अध्यक्ष तथा शिक्षा विभागका महानिर्देशक रहने व्यवस्था गरिएको छ।

५. पाँचौं संरचना हो, राष्ट्रपतीय समन्वय परिषद् (Presidency Coordinating Council)। यो परिषद्को अध्यक्ष राष्ट्रपति हुने व्यवस्था छ। सदस्यहरूमा ९ जना प्रान्तीय प्रमुख, प्रदेश तथा स्थानीय सरकार मामिला हेर्ने मन्त्री सदस्य रहने प्रावधान छ। यसले राष्ट्रिय नीति निर्माणमा अन्तरप्रादेशिक संवादलाई प्रोत्साहित गर्ने, अन्तरप्रादेशिक विवाद समाधान गर्ने, प्रदेश र राष्ट्रिय सरकार बीच सहकार्य बढाउने तथा स्थानीय सरकारलाई सबलीकरण गर्ने कार्य गर्दछ।

६. छैठौं संरचना हो, प्रादेशिक अन्तरसरकारी मञ्च (Provincial Intergovermental Forum)। यसमा प्रदेश सरकारका प्रमुख, प्रदेश कार्यकारी परिषद्का सदस्यहरू, मेयरहरू, जिल्ला परिषद्का अध्यक्षहरू, क्षेत्रीय निर्देशकहरू र स्थानीय सरकार महासंघका प्रतिनिधि रहने व्यवस्था छ।

७. अन्य संरचनाहरूमा क्याबिनेट क्लस्टर्स, बजेट काउन्सिल तथा लोकल गभरमेन्ट बजेट फोरम आदि रहेका छन्।

८. प्रशासनिक क्षेत्रमा अन्तरसरकारी समन्वय भए प्रबर्धन गर्न Forum for South African Director General (FOSAD) को स्थापना भएको छ ।

९. प्रदेश तथा प्रदेश कार्यकारी परिषद्का अध्यक्षको कार्यालयमा अन्तरसरकार समन्वय सचिवालय स्थापना गरिएको छ ।

**८. भारत**

- राज्यहरू बीच उत्पन्न हुने विवादको जाँचबुझ तथा अनुसन्धान गरी समाधानका लागि सुझाव दिन अन्तर राज्य परिषद् गठन हुने व्यवस्था रहेको छ । त्यस्तो परिषद्को गठन, काम, कर्तव्य र कार्यविधि राष्ट्रपतिले तय गर्ने व्यवस्था छ ।
- त्यसैगरी समाजिक तथा आर्थिक क्षेत्रमा राज्यहरू बीच सहयोग तथा समन्वय प्रबर्धन गर्न पाँचवटा Zonal Council रहने व्यवस्था छ ।

**९. नेदरल्यान्ड**

नेदरल्यान्डको स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारहरूको महासंघ(एशोसियसन् अफ नेदरल्यान्ड म्युनिसिप्यालिटी (VNG) गठन गर्न सक्ने र सो VNG ले स्थानीय तहका लागि विधेयक तयार गरी प्रस्तुत गर्ने र नीति निर्माणमा सहभागी हुने अवसर प्रदान गरेको छ ।

**१०. पोल्यान्ड**

संविधानको धारा १७२ ले स्थानीय स्वायत्त सरकारका इकाइहरूलाई संगठित भई महासंघ गठन गर्ने र नीतिगत क्षेत्रमा समन्वयकारी भूमिका खेल्ने अधिकार सुनिश्चित गरेको छ ।

## ३.४ राष्ट्रिय कानूनको अवस्थाः

**१. संवैधानिक व्यवस्थाका रुपमा नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्वन्धी व्यवस्था गरिएको छ । संविधान वमोजिम जिल्ला समन्वय समितिको निश्चित कार्यभार यस प्रकार तोकिएको छ ।**

क) जिल्ला भित्रका पालिका बीच समन्वय गर्ने,

ख) विकास निर्माण कार्यमा सन्तुलन कायम गर्न र अनुगमन गर्ने,

ग) सरकारी कार्यालय बीच समन्वय गर्ने,

घ) प्रदेश कानून बमोजिम अन्य काम गर्ने ।

**२. कानूनी व्यवस्थाका रुपमा जिल्ला समन्वय समितिका हकमा संविधान पछिको महत्वपुर्ण दस्तावेज भनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ हो । स्थानीय तहका अधिकारको विस्तृत रुपका साथै जिल्ला समन्वय समितिका वारेमा समेत सो कानुनमा उल्लेख गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ जिल्ला सभाको काम कर्तव्य र अधिकारका वारेमा व्यवस्था गरिएको छ । सो वमोजिम जिल्ला सभाको काम कर्तव्य र अधिकार यस प्रकार उल्लेख गरेको पाईन्छ ।**

१. प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मका लागि संविधानको धारा २२०(७) मा उल्लेखित काम कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) विकास निर्माणका विषयको पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय,
ख) सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रम विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने र त्यस्ता कामको प्रतिफल सम्बन्धमा सन्तुलन कायम गर्न आवश्यक सुझाव र मार्ग दर्शन गर्ने,
ग) जिल्लाभरका विकासका लागि प्रदेश र संघसँग समन्वय गर्ने,
घ) संघ प्रदेश सरकारी कार्यालय तथा पालिका बीच समन्वय गर्ने,
ङ) जिल्लाभरका पालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय र सहजीकरण गर्ने,
च) विपद् व्यस्थापन कार्यको समन्वय गर्ने,
छ) विकास निर्माणमा सन्तुलन कायम गर्न गैर सरकारी संस्थासँग समन्वय गर्न
ज) विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गर्ने र सुझाव दिने,
झ) संघ प्रदेश र स्थानीय तहका बीचमा आफ्नो कामका सम्बन्धमा आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन पेश गर्ने,
ञ) जिल्ला भरको विकास तथा निर्माणलाई प्रभावकारी बनाउन वर्षको एक पटक वार्षिक कार्यक्रम आयोजना गरी प्रदेश तथा संघीय संसदका सदस्यहरूलाई समेत आमन्त्रण गरी सुझाव लिने, प्रतिवेदन दिने र सार्वजनिक गर्ने,
ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य काम गर्ने ।

२ जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।
३ जिल्ला सभाले आफ्नो आधिकारिक विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाई जिल्ला सभाबाट पारित गराई लागु गर्ने ।
४ जिल्ला सभाले आफ्नो अधिकारको विषयमा आवश्यक कार्यविधि निर्देशिका तथा मापदण्ड बनाई लागु गर्ने

**३. जिल्ला सभा र समन्वय समितिका वारेमा व्यवस्था गरेको कानुनी दस्तावेज मध्यको अर्को दस्तावेज संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ हो । यो ऐन समग्र तीन तहका विचमा समन्वयको वारेमा वनेको हुदा हुदै पनि संविधानले नै समन्वय र अनुगमनको जिम्मा तोकिदिएको जिल्ला समन्वय समिति र सभाले गर्ने कामका वारेमा संक्षिप्तमा उल्लेख गरेको छ । यस ऐन वमोजिम जिल्ला समन्वय समितिले समन्वय गर्ने काम देहाय वमोजिम छन् ।**

(क) संघ वा प्रदेशले स्थानीय तहमा गने विकास निर्माण सम्बन्धी कार्य,
(ख) जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य
(ग) प्रचलित कानून बमेजिम तेकिएका अन्य कार्य

### ३.५ समन्वयका बारेमा प्रदेश स्तरमा भएका प्रयत्नहरूः

संविधानको व्यवस्था बमोजिम समन्वय र अनुगमनको अधिकार पाएको जिल्ला सभाका बारेमा प्रदेशहरूले आफ्ना वुझाई र अनुकूलतामा विभिन्न प्रयासहरू गरेको पाईन्छ । कतिपय प्रदेशहरूले स्थानीय सभा सञ्चालन प्रक्रिया सम्बन्धी कार्यविधि ऐन भित्रै एक परिच्छेद जिल्ला सभाको राखेर जिल्ला सभाको काम कर्तव्य र अधिकारका बारेमा उल्लेख गरेको पाइयो भने कतिपय प्रदेशले

जिल्ला सभा ऐन नै बनाएर जिल्ला सभाको काम कर्तव्य र अधिकारको विस्तृत व्यवस्था गरेको पनि पाइयो । कतिपय प्रदेशहरू भने यस बारेमा खासै चासो राखेको पाईंदैन ।

जेसुकै भए तापनि संविधानमा व्यवस्था गरिएको जिल्ला समन्वय समिति र जिल्ला सभा जस्ता संयन्त्रहरू गठित छन् । तिनको काम कर्तव्य र अधिकारका बारेमा संविधानमा समन्वय र अनुगमन भन्ने उल्लेख छ । यसैका आधारमा कतिपय प्रदेशहरूले यसको विस्तृतिकरण गरेका र कतिपय मौन रहेको विद्यमान अवस्था हो । यस अवस्थालाई सामान्य चर्चा यस परिच्छेदमा गरिएको छ ।

### ३.५.१ गण्डकी प्रदेशः

गण्डकी प्रदेश सभाले जिल्ला समन्वयका सम्बन्धमा एक कानूनको निर्माण गरेको छ । उक्त कानूनमा जिल्ला समन्वय समितिका लागि निर्धारण गरेको काम कर्तव्य र अधिकार यस प्रकार उल्लेख गरेको छः

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषयमा समन्वय गर्ने,

(ख) जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा सम्बन्धित क्षेत्र वा समूदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव दिने र त्यसरी दिएका सुझावलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि विषयगत मन्त्रालय मार्फत संघीय मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिका समेतलाई सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा सम्बन्धित मन्त्रालय मार्फत संघीय मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

यसै गरी जिल्ला समन्वय समितिको कार्यालयको कार्यालय प्रमुखका रूपमा तोकिएको अधिकारीका लागि समन्वयकारी कामका समेतका लागि निर्धारित जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने कुरा पनि उक्त कानूनमा उल्लेख गरिएको छ ।

(क) जिल्ला सभा र जिल्ला समन्वय समितिको सचिवको रूपमा काम गर्ने,
(ख) जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,
(ग) जिल्लास्थित संघ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहबीच समन्वय गर्ने, गराउने,
(घ) जिल्ला सभाको आर्थिक कारोबारको हिसाब अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गराउने तथा बिरुजु मिनाहाको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,
(ङ) जिल्ला सभाको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,
(च) जिल्ला समन्वय समितिको प्रमुखको निर्देशनमा जिल्ला समन्वय समिति तथा सभाको बैठक बोलाउने, निर्णयको अभिलेख राख्ने, राख्न लगाउने,
(छ) जिल्ला सभाले गर्नुपर्ने खरिद कार्य गर्ने गराउने,
(ज) जिल्ला सभा, जिल्ला समन्वय समिति वा जिल्ला समन्वय समितिको प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने ।

### ३.५.२ कर्णाली प्रदेश

कर्णाली प्रदेशले जिल्ला सभा सञ्चालन सम्बन्धी कार्यविधि ऐन बनाएको छ जसमा जिल्ला सभाको समन्वय र अनुगमन सम्बन्धी काम कर्तव्य र अधिकारका बारेमा छुट्टै कुनै कुरा उल्लेख छैन । तथापि उक्त ऐनको दफा २६ मा समिति गठन सम्बन्धी व्यवस्था राखिएको छ । जसमा निम्न व्यवस्थाहरू राखिएको छ ।

(१) जिल्ला सभाले आफ्नो कार्यक्षेत्रको कामको अनुगमन तथा मूल्याङ्कन गरी जिल्ला समन्वय समितिलाई आवश्यक सुझाव र परामर्श दिने गरी प्रत्येक समितिमा पाँच सदस्य रहने गरी बढीमा तीनवटा समिति गठन गर्न सक्ने छ । त्यस्तो समितिको नाम र क्षेत्राधिकार सभाले तोकेबमोजिम हुनेछ ।
(२) त्यस्तो समितिको संयोजक चयन निर्वाचन समिति आफैंले गर्नेछ ।
(३) समितिको बैठक बढीमा महिनाको एक पटक र कम्तिमा तीन महिनामा एक पटक बस्नेछ ।
(४) सभाको बैठक सञ्चालनका लागि यस ऐनमा उल्लेख भएको बाहेकका विषयमा समितिले यो ऐन अन्तर्गत रही आफ्नो कार्यविधि आफैं बनाउनेछ ।

### ३.५.३. सुदूरपश्चिम प्रदेश

सुदूर पश्चिम प्रदेशले जिल्ला समन्वय समितिका सम्बन्धमा बनाएको कानूनमा संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने उल्लेख गरिएको छः

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा

समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिका समेतलाई सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा नेपाल सरकारको संघीय मामिला हेर्ने मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित गाउँपालिका तथा नगरपालिकासँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिका बीचका रणनीतिक महत्त्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(ठ) जिल्लाभित्रका एकभन्दा बढी गाउँपालिका तथा नगरपालिका प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने,

(ड) जिल्लाको समग्र विकासका लागि सरोकारवालाहरूसँग समन्वय गर्ने,

(ढ) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यन्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

(ण) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने,

(त) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(थ) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरूको अभिलेखिकरण गर्ने,

(द) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक वार्षिक समिक्षा कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसदको र प्रदेश सभाको सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ध) आवश्यकता अनुसार प्राकृतिक श्रोत व्यवस्थापन अनुगमन समन्वय समिति तथा अन्य आवश्यक समितिहरू गठन गर्ने,

(न) सम्बन्धित जिल्लाको भौगोलिक क्षेत्रमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरूको अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन दिने,

(प) सम्बन्धित जिल्लाको भौगोलिक क्षेत्रमा सञ्चालित आयोजना तथा कार्यक्रमहरूमा अनियमितता भएको वा गरेको भन्ने उजुरी पर्न आएमा उक्त आयोजना तथा कार्यक्रममा भए गरेका काम कारबाहीको अध्ययन तथा अनुगमन गरी यथार्थताको विवरणसहितको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।

(फ) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

यसै गरी जिल्ला समन्वय अधिकारीलाई सभाको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने एक अधिकारीका रूपमा स्वीकार गर्दै निज अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने उल्लेख गरिएको छः

(क) सभा र समितिको सचिवको रूपमा काम गर्ने,

(ख) सभा र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) जिल्लास्थित संघ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहबीच समन्वय गर्ने, गराउने,

(घ) सभाको आर्थिक कारोबारको हिसाब अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गराउने तथा बेरुजु मिनाहको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,

(ङ) सभाको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,

(च) समितिको प्रमुखको निर्देशनमा सभा तथा समितिको बैठक बोलाउने, सभा तथा समितिको बैठकको निर्णयको माइन्युट गर्ने, सभा र समितिको बैठकको निर्णय प्रमाणित गरी अभिलेख राख्ने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(छ) सभाले गर्नुपर्ने खरिद सम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने,

(ज) सभा, समिति वा प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने ।

### **३.५.४. लुम्बिनी प्रदेश सभाः**

लुम्बिनी प्रदेश सभाले समन्वयको प्रयोजनका लागि बनाएको कानूनमा संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी उल्लेख गरेको पाईन्छ ।

(क) जिल्ला भित्रका स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका सूचक तयार गरी ती सूचकका आधारमा विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समूदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहका बीच समन्वय गर्ने,

(ङ) जिल्ला भित्रका स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि संघ, प्रदेशसँग परामर्श, समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने,

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा प्रत्येक चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन पेश गर्ने,

(ञ) जिल्ला भित्र गैरसरकारी संघ संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए, नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) जिल्लाभित्रका दुई वा सोभन्दा बढी स्थानीय तह बीचका रणनीतिक महत्त्वका योजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(ठ) जिल्ला भित्रका एक भन्दा बढी स्थानीय तहका प्रभावित हुने आयोजना तथा परियोजना सञ्चालन गर्दा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने,

(ड) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(ढ) जिल्ला भित्रका स्थानीय तहले बनाएका कानूनहरूको अभिलेखीकरण गर्ने,

(ण) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गर्दा सो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसदको र प्रदेश सभाको सदस्यलाई आमन्त्रण गरी सुझाव सहितको प्रतिवेदन दिने,

(त) आवश्यकता अनुसार प्राकृतिक स्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्न आवश्यक समितिहरू गठन गर्ने,

(ध) जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका बारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेशसभाका सदस्यलाई प्रतिवेदन दिने,

(द) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

### ३.५.५. कोशी प्रदेश

कोशी प्रदेशले भने जिल्ला समन्वयका सन्दर्भमा भिन्नै जिल्ला सभा ऐन २०७५ पारित गरी कार्यान्वयनमा ल्याएको देखिदैन । खास गरी अनुगमन र समन्वयका सम्बन्धमा भिन्ना भिन्नै दुई शीर्षकमा यो ऐनमा विशेष व्यवस्था गरिएको छ । समन्वयका सम्बन्धमा विकास कार्यमा समन्वय भन्ने विषयलाई मात्रै समेटिएको छ । उक्त ऐनको विशेष व्यवस्था यस प्रकार रहेको छ :

१ जिल्लाको समग्र विकास सम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ नगरपालिका मार्फत कार्यान्वयन गर्न सहजीकरण गर्ने,

२ जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी पालिका बीचका रणनीतिक महत्त्वका आर्थिक सामाजिक पर्यटन तथा वातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवं परियोजनाहरूको पहिचान गर्ने, लगानीको रणनीति योजना तर्जुमा गर्ने र नेपाल सरकार, प्रदेश सरकार र पालिका, गैर सरकारी संघ सस्था तथा नीजि क्षेत्रबीच समन्वय गर्ने,

३ जिल्ला भित्रका दुई वा सो भन्दा वढी पालिकाका बीच रणनीतिक महत्त्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

४ संघीय वा प्रदेश सरकारी कार्यालय र पालिका बीच तथा जिल्लामा कार्यरत गैरसरकारी एवं सामुदायिक संघ संस्था जिल्लास्तरीय सञ्जालहरू बीच एकिकृत योजना प्रक्रिया साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

५ जिल्ला भित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मुल्यांकन प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने र अन्तरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

६ जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा स्थलगत, समूदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान एवं अनुगमन गरी विकास निर्माण कार्यमा सन्तुलन कायम गर्नका लागि नेपाल सरकार प्रदेश सरकार पालिका र सरोकारवाला निकायहरूलाई सुझाव दिने,

७ जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरूसँग समन्वय गर्ने,

८ जिल्लाभित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,

९ जिल्ला भित्र सञ्चालित संघीय र प्रदेश स्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय सहजीकरण र सहयोग गर्ने,

१० जिल्ला स्तरीय अन्तरपालिका खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदशनी को आयोजना गरी उत्तम अभ्यासको प्रबर्धन तथा अन्तरपालिका बीच विकासमा सकारात्मक ढंगले प्रोत्साहन गर्ने,

११ आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आव समाप्त भएको ३५ दिनभित्र प्रतिवेदन पेश गर्ने ।

### ३.५.६. मधेश प्रदेश

गाउँ सभा, नगर सभा, जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन को भाग ३, जिल्ला सभा सम्बन्धी व्यवस्था को परिच्छेद १ मा जिल्ला सभा सम्बन्धी व्यवस्था, दफा ८० मा सभाको काम कर्तव्य र अधिकार देहाय वमोजिम उल्लेख गरिएको छ ।

(क) जिल्ला भित्रका स्थानीय तहको विकास तथा निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास तथा निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका सूचक तयार गरी सूचकका आधारमा विभन्न चरणमा अनुगमन गर्ने, यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा नीति, विषयगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्ला भित्रका स्थानीय तहको विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहका बीच समन्वय गर्ने,

(ङ) जिल्ला भित्रका स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि संघ, प्रदेशसँग परामर्श, समन्वय तथा सहजीकरण गर्ने ।

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ र प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने,

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा नीजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा प्रत्येक चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र पतिवेदन पेश गर्ने,

(ञ) जिल्ला भित्र गैरसरकारी संघ संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित विकास भए, नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) जिल्ला भित्रका दुई वा सो भन्दा बढी स्थानीय तह बीचका रणनीतिक महत्त्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(ठ) जिल्ला भित्रका एक भन्दा बढी स्थानीय तहका प्रभावित हुने आयोजना तथा परियोजना सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने,

(ड) जिल्ला भित्रका स्थानीय तहले बनाएका कानूनहरूको अभिलेखीकरण गर्ने,

(ढ) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक आर्थिक वर्षको कार्यक्रम आयोजना गर्दा सो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभा सदस्यलाई आमन्त्रण गरी सुझाव सहितको प्रतिवेदन दिने,

(ण) आवश्यकता अनुसार प्राकृतिक स्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्न आवश्यक समितिहरू गठन गर्ने,

(त) जिल्ला भित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका बारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय सांसद र प्रदेश सभा सदस्यलाई प्रतिवेदन दिने,

(थ) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

### ३.५.७. बागमती प्रदेशः

बागमती प्रदेशले भने स्थानीय सभा सञ्चालन प्रक्रिया सम्बन्धी ऐन भित्रै जिल्ला सभाको काम कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरेको छ । जसमा जिल्ला समन्वय समितिले समन्वय गर्ने सम्बन्धमा संविधानमा उल्लेख भएको विषयलाई समेट्ने कोशिस गरेको छ । जो व्यवस्था यस प्रकार छः

(क) विकास निर्माणका कार्यमा स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका कार्यालयहरू बीच समन्वय गर्ने,

(ख) जिल्ला भित्रका विकास निर्माण योजना कार्यान्वयन तथा प्रदेश सरकारले निर्देशन गरे बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने,

(ग) जिल्ला भित्रका विभिन्न सूचना तथ्यांक सरकारी सम्पत्ति लगायतका विषयको अभिलेख अद्यावधिक राख्ने,

(घ) जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग समन्वय र प्रोत्साहन गर्ने प्रदेश सरकारलाई सुझाव दिने,

(ङ) स्थानीय तहका बीच उठेको विवाद समाधान गर्न सहजीकरण गर्ने

(च) स्थानीय तहको समग्र विकासका लागि अध्ययन, अनुसन्धान, अनुशिक्षण लगायतका कार्य गर्ने,

(छ) आफूले गरेका काम कारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठ्ठी दिन भित्र प्रदेश सरकार समक्ष पेश गर्ने,

(ज) अन्य काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

### ३.६ समन्वयका सम्बन्धमा ध्यान दिनपर्ने विषयहरू:

### नयाँ संविधान अनुसार नेपालमा जिल्ला समन्वय समिति समन्वयका लागि ध्यान दिनपर्ने १५ विषयहरू:

नेपालको नयाँ संविधान अनुसार जिल्ला समन्वय समिति (जिल्ला समन्वय समिति) जिल्लामा हुने स्थानीय विकास कार्यक्रम र गतिविधिहरूको समन्वय र पर्यवेक्षण गर्ने महत्त्वपूर्ण निकाय हो । नेपालमा जिल्ला समन्वय समितिले गर्ने समन्वयका लागि १५ बुँदे विषयहरू यस्ता छन्:

१. **स्थानीय सरकारका निकायहरू बीचको समन्वयमा सहजीकरण:**
(जिल्ला समन्वय समिति) ले नगरपालिका, गाउँपालिका र गाउँपालिका लगायतका स्थानीय सरकारका निकायहरू बीचको समन्वयलाई सहज बनाउनु पर्छ ।

२. **प्रादेशिक सरकारसँग समन्वय:**
स्थानीय विकास योजनाहरू प्रादेशिक प्राथमिकताहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न जिल्ला समन्वय समितिले प्रदेश सरकारसँग समन्वय गर्नुपर्छ ।

३. **सरकारी निकायहरू बीचको समन्वयमा सहजीकरण:**
जिल्ला समन्वय समितिले स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा संलग्न विभिन्न सरकारी निकायहरू बीचको समन्वयलाई सहज बनाउनु पर्छ ।

४. **गैरसरकारी संस्थाहरू (एनजीओ) सँग समन्वय:**
जिल्ला समन्वय समितिले जिल्लामा काम गर्ने गैरसरकारी संस्थाहरूसँग उनीहरूको कार्यक्रमहरू स्थानीय विकास प्राथमिकताहरूसँग मिल्ने सुनिश्चित गर्न समन्वय गर्नुपर्छ ।

५. **निजी क्षेत्रका संस्थाहरूसँग समन्वय:**
स्थानीय आर्थिक विकासलाई प्रवर्धन गर्न जिल्लामा कार्यरत निजी क्षेत्रका संस्थाहरूसँग जिल्ला समन्वय समितिले समन्वय गर्नुपर्छ ।

६. **स्थानीय समूदायहरू बीच समन्वयको सहजीकरण:**
जिल्ला समन्वय समितिले सामाजिक एकता र सामुदायिक विकास प्रवर्धन गर्न स्थानीय समूदायहरू बीच समन्वयलाई सहज बनाउनु पर्छ ।

७. **स्थानीय विकास योजनाहरूको विकास र कार्यान्वयन:**
जिल्ला समन्वय समितिले स्थानीय आवश्यकता र प्राथमिकताहरूमा आधारित स्थानीय विकास योजनाहरू विकास र कार्यान्वयन गर्नुपर्छ ।

८. **स्थानीय स्रोत परिचालन:**
जिल्ला समन्वय समितिले स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूलाई समर्थन गर्न स्थानीय स्रोत परिचालन गर्नुपर्छ ।

९. **स्थानीय विकास कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन:**
जिल्ला समन्वय समितिले स्थानीय विकास कार्यक्रमहरू प्रभावकारी छन् भनी सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कन गर्नुपर्छ ।

१०. **नागरिक सहभागितामा सहजीकरण:**
जिल्ला समन्वय समितिले स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा नागरिकको सहभागितालाई सहज बनाउनु पर्छ ।

**११. विपद् व्यवस्थापन योजनाहरू विकास र कार्यान्वयन गर्ने:**
जिल्ला प्राकृतिक प्रकोपहरूको लागि तयार छ भनी सुनिश्चित गर्न जिल्ला समन्वय समितिले विपद् व्यवस्थापन योजनाहरू विकास र कार्यान्वयन गर्नुपर्छ ।

**१२. अन्य जिल्लाहरूसँग समन्वय:**
जिल्ला समन्वय समितिले ज्ञान र स्रोत साझा गर्न र क्षेत्रीय विकास प्रवर्धन गर्न अन्य जिल्लाहरूसँग समन्वय गर्नुपर्छ ।

**१३. लैङ्गिक समानता प्रवर्धन:**
जिल्ला समन्वय समितिले स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा लैङ्गिक समानतालाई बढावा दिनुपर्छ ।

**१४. सामाजिक समावेशीकरणको प्रवर्धन:**
जिल्ला समन्वय समितिले सेवा र स्रोतहरूमा सीमान्तकृत समूहहरूको पहुँच सुनिश्चित गर्दै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा सामाजिक समावेशीकरणलाई बढावा दिनुपर्छ ।

**१५. पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने:**
जिल्ला समन्वय समितिले स्रोतको बाँडफाँड र उपयोग सहित सबै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ ।

## ३.७ समन्वयका विषय तथा सूचक:

### जिल्ला समन्वय समितिको समन्वयका लागि अवलम्बन गर्नुपर्ने विषय तथा सूचक

जिल्लामा हुने स्थानीय विकास कार्यक्रम र गतिविधिको समन्वय र सुपरिवेक्षणको जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको छ । नेपालको नयाँ संविधान बमोजिम जिल्ला समन्वय समितिले समन्वय गर्ने २५ वटा निर्देशिकाहरू यस प्रकार छन्:

१. स्थानीय योजनाहरू स्थानीय प्राथमिकतासँग मिल्दाजुल्दा छन् कि छैनन्, जाँच गर्ने । छन् भने तिनलाइ प्रभावकारी बनाउन प्रयत्न गर्ने र छैनन् भने अपसी समन्वयका अधारमा स्थानीय विकास योजनाहरू जिल्ला प्राथमिकताहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न नगरपालिका र गाउँपालिकाहरूसँग समन्वय गर्ने ।

*स्थानीय प्राथमिकतामा परेको* ☐

*स्थानीय प्राथमिकतामा नपरेको* ☐

२. स्थानीय विकास योजनाहरू प्रादेशिक प्राथमिकताहरूसँग मिल्दा जुल्दा छन् कि छैनन्, जाँच गर्ने । मिल्दा जुल्दा छन् भने तिनलाइ स्थापित गर्ने र छैनन भने आपसी समन्वयका आधारमा प्रादेशिक प्राथमिकतासँग मिल्ने सुनिश्चित गर्न प्रदेश सरकारसँग समन्वय गर्ने ।

*प्रादेशिक प्राथमिकतामा परेको* ☐

*प्रादेशिक प्राथमिकतामा नपरेको* ☐

३. विभिन्न सरकारी निकायहरू बीचमा आपसी समन्वय छ कि छैन जाँच गर्ने । आपसी समन्वय छ भने, त्यसलाइ थप सुदृढ गर्ने र समन्वय छैन भने समन्वय गर्ने । यसका लागि स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा संलग्न विभिन्न सरकारी निकायहरू बीचको समन्वयमा देखा परेका समस्याहरू पहिचान गरी बाधा फुकाउन समस्याहरूलाई सहजीकरण गर्ने ।

*सरकारी निकायबीच समन्वय भएको* ☐
*सरकारी निकायबीच समन्वय नभएको* ☐

४ जिल्ला स्थित गैर सरकारी संस्थाहरू र सरकारी निकायका बीचमा वा संस्थाहरूका बीचमा, अपसमा पनि समन्वय छ कि छैन पहिचान गर्ने । जिल्लामा कार्यरत गैरसरकारी संस्थाहरू (एनजीओ) सँग समन्वय गरी उनीहरूका कार्यक्रमहरू स्थानीय विकास प्राथमिकताहरूसँग मिल्ने सुनिश्चित गर्ने ।
*गैससं र सरकारी निकायबीच समन्वय भएको* ☐
*गैससं र सरकारी निकायबीच समन्वय नभएको* ☐

५. जिल्लास्थित निजी क्षेत्रका संस्थाहरूका बीचमा अपसी समन्वय छ कि छैन, अवश्यक परिक्षण गर्ने । समन्वय छ भने थप सुदृढ बनाउन प्रयत्न गर्ने । समन्वय छैन भने स्थानीय आर्थिक विकासलाई प्रबर्धन गर्न जिल्लामा कार्यरत निजी क्षेत्रका संस्थाहरूसँग समन्वय हुन नसक्नाका कारण पहिचान गरी समन्वय गर्ने ।
*निजी क्षेत्र र स्थानीय तहबीच समन्वय भएको* ☐
*निजी क्षेत्र र स्थानीय तहबीच समन्वय नभएको* ☐

६. स्थानीय समूदायहरूका बीचमा अपसी समन्वय छ कि छैन भन्ने बारेमा जाँच गर्ने । समन्वय छ भने थप सुदृढ गर्ने, छैन भने सामाजिक एकता र सामुदायिक विकास प्रबर्धन गर्न स्थानीय समूदायहरू बीच समन्वयको सुनिश्चित गर्दै अवश्यक सहजीकरण गर्ने ।
*स्थानीय तह र सामुदायिक संस्थाबीच समन्वय भएको* ☐
*स्थानीय तह र सामुदायिक संस्थाबीच समन्वय नभएको* ☐

७. स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा योजना तर्जुमा भए नभएको जाँच गर्ने । समन्वय भएको भए सोको थप प्रबर्धन गर्ने र छैन भने स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा स्थानीय विकास योजना तर्जुमा समन्वय गरी तयार गरेको योजना कार्यान्वयन गर्ने ।
*स्थानीय प्राथमिकताका योजना तर्जुमा भएको* ☐
*स्थानीय प्राथमिकताका योजना तर्जुमा नभएको* ☐

८. स्थानीय विकास कार्यक्रमहरू स्थानीय स्रोतमा अधारित छन् वा छैनन् त्यसको जाँच गर्ने । छन् भने प्रबर्धनमा जोड दिने छैनन् भने स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूलाई सहयोग गर्न स्थानीय स्रोत पहिचान परिचालन मा समन्वय गर्ने ।
*स्थानीय योजना स्थानीय स्रोतमा आधारित रहेको* ☐
*स्थानीय योजना स्थानीय स्रोतमा आधारित नरहेको* ☐

९. स्थानीय विकास कायक्रमहरूको प्रभावकारिता अध्ययन गर्ने, प्रभावकारी छैनन् भने स्थानीय विकास कार्यक्रमहरू प्रभावकारी छन् भनी सुनिश्चित गर्न अपसी समन्वय अनुगमन र मूल्याङ्कन गर्ने ।
*स्थानीय विकास कार्यक्रम प्रभावकारी रहेको* ☐
*स्थानीय विकास कार्यक्रम प्रभावकारी नरहेको* ☐

१०. नागरिक सहभागिताको अवस्था आंकलन गर्ने र स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा नागरिक सहभागितालाई सुनिश्चित गर्ने त्यसकालागि समन्वय गर्ने र सहजिकरण गर्ने ।

*विकास कार्यक्रममा नागरिक सहभागिता रहेको* □

*विकास कार्यक्रममा नागरिक सहभागिता नरहेको* □

११. प्राकृतिक प्रकोपका बारेमा समन्वय गर्ने र समन्वयका अधारमा जिल्ला प्राकृतिक प्रकोपका लागि तयार छ भनी सुनिश्चित गर्न विपद् व्यवस्थापन योजनाहरू विकास गरी समन्वयात्मक ढंगले कार्यान्वयन गर्ने ।

*स्थानीय विपद् व्यवस्थापन योजना बनेको* □

*स्थानीय विपद् व्यवस्थापन योजना नबनेको* □

१२. स्थानीय पालिकाका अतिरिक्त अन्य जिल्लासँगको समन्वय कायम राख्ने खास गरी ज्ञान र स्रोत आदान प्रदान गर्न र क्षेत्रीय विकास प्रवर्द्धन गर्न गाउ नगर साथै अन्य जिल्लाहरू सँग समेत अवश्यक समन्वय गर्ने ।

*ज्ञान र स्रोत आदान प्रदान अन्य स्थानीय तहसँग भएको* □

*अन्य स्थानीय तहसँग ज्ञान र स्रोत आदान प्रदान नभएको* □

१३. लैंगिक समानता आजको जल्दोबल्दो विषय भएकाले अवश्यक समन्वय गरी सोको अधारमा स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा लैङ्गिक समानता प्रबर्धन गर्ने ।

*लैंगिक समानता प्रबर्धन कार्यक्रम सञ्चालन भएको* □

*लैंगिक समानता प्रबर्धन कार्यक्रम सञ्चालन नभएका* □

१४. सीमान्तकृत समूहहरूको सेवा र स्रोतहरूमा पहुँच सुनिश्चित गर्दै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा सामाजिक समावेशीकरणलाई बढावा दिने गरी समन्वय गर्ने ।

*सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन भएको* □

*सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन नभएको* □

१५. स्रोतको बाँडफाँड र उपयोग लगायत सबै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने गरी अवश्यक समन्वय गर्ने ।

*स्रोतको बाँडफाँड र उपयोग पारदर्शी रहेको* □

*स्रोतको बाँडफाँड र उपयोग पारदर्शी नरहेको* □

१६. प्रभावकारी समन्वयका आधारमा विकास कार्यक्रमहरू र गतिविधिहरू दिगो विकासका सिद्धान्तहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न अवश्यक समन्वय गर्ने ।

*दीगो विकासका सिद्धान्तसँग मेल खाने रहेको* □

*दीगो विकासका सिद्धान्तसँग मेल खाने नरहेको* □

१७. स्थानीय विकास कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि गर्न नागरिक समाज संगठन र निजी क्षेत्रसँग साझेदारी विकास गर्न आवश्यक र प्रभावकारी समन्वय गर्ने ।
*नागरिक समाज र निजि क्षेत्रसँग साझेदारी रहेको* ☐
*नागरिक समाज र निजि क्षेत्रसँग साझेदारी नरहेको* ☐

१८. जलवायु परिवर्तन र यसका स्थानीय समूदायहरूमा पर्ने असरहरूलाई सम्बोधन गर्न योजनाहरू विकास र कार्यान्वयन गर्न प्रभावकारी समन्वय गर्ने ।
*जलवायु परिवर्तनका असर कम गर्न कार्यक्रम सञ्चालन गरेको* ☐
*जलवायु परिवर्तनका असर कम गर्न कार्यक्रम सञ्चालन नगरेको* ☐

१९. नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता प्रबर्धन गर्न योजनाहरू विकास र कार्यान्वयन गर्न समन्वय गर्ने ।
*नवीकरणीय ऊर्जा प्रबर्धन कार्यक्रम सञ्चालन गरेको* ☐
*नवीकरणीय ऊर्जा प्रबर्धन कार्यक्रम सञ्चालन नगरेको* ☐

२०. सडक, खानेपानी र सरसफाइ जस्ता स्थानीय पूर्वाधारहरू विस्तार गर्ने योजनाहरू विकास र कार्यान्वयन गर्न अवश्यक समन्वय गर्ने ।
*स्थानीय पूर्वाधार विकासमा समन्वय भएको* ☐
*स्थानीय पूर्वाधार विकासमा समन्वय नभएको* ☐

२१. शिक्षामा पहुँच प्रवर्द्धन गर्न शिक्षा र स्वास्थ्य संस्थाहरूसँग समन्वय गर्ने र जनस्वास्थ्य सेवाहरू बीच समन्वय गर्ने ।
*सामाजिक विकासमा समन्वय भएको* ☐
*सामाजिक विकासमा समन्वय नभएको* ☐

२२. कृषि र ग्रामीण विकासको प्रवर्धन गर्ने योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।
*समन्वय भएको* ☐ *समन्वय नभएको* ☐

२३. पर्यटन र सांस्कृतिक सम्पदाको प्रवर्द्धन गर्ने योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।
*समन्वय भएको* ☐ *समन्वय नभएको* ☐

२४. व्यापार र लगानी प्रवर्द्धनका लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न समन्वय गर्ने ।
*समन्वय भएको* ☐ *समन्वय नभएको* ☐

२५. विकास कार्यक्रमहरू र गतिविधिहरू मानव अधिकारको सम्मान र सामाजिक न्यायको प्रवर्द्धन गर्ने तरिकामा कार्यान्वयन गर्ने सुनिश्चित गर्ने गरी समन्वय गर्ने ।
*समन्वय भएको* ☐ *समन्वय नभएको* ☐

# परिच्छेद-४

## अनुगमनका अवधारण र अभ्यास

### ४.१. अनुगमन सम्बन्धी अवधारणा :

नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रमहरूको प्रभावकारिता र सार्थक कार्यान्वयनका लागि अनुगमनको महत्त्वपूर्ण भूमिका रहन्छ । अनुगमनको माध्यमद्वारा स्थानीय तहबाट सम्पादन हुने सेवा प्रवाहप्रतिको उत्तरदायित्व र जवाफदेहीता कायम गर्ने, विकास कार्यमा गरिएको लगानी तथा प्रतिफल सुनिश्चित गरी विकासका नतिजाबाट जनसमूदायमा पार्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावहरूको मापन तथा लेखाजोखा गर्ने र अध्ययन अनुभवहरूबाट पृष्ठपोषण प्राप्त गरी भावी नीति, कानून तथा कार्यक्रमहरूलाई थप प्रभावकारी र नतिजामुखी बनाउने उद्देश्यले अनुगमनका सूचकहरू समावेश गरी यो अवधारणा पत्र तयार गरिएको छ ।

अनुगमन एउटा व्यवस्थापकीय पद्धति तथा औजार हो । सो कार्यका लागि संविधानले जिल्ला सभा र जिल्ला समन्वय समितिको संस्थागत संरचना खडा गरेको छ । स्थानीय तहमा दुई प्रकृतिका संरचना खडा भएका छन् । गाउँपालिका र नगरपालिका कार्यकारिणी निकायका रूपमा र जिल्ला समन्वय समिति, समन्वय र अनुगमनकर्ताको रूपमा खडा गरिएका छन् । यसरी खडा गरिएको जिल्ला समन्वय समितिबाट हुने नीतिगत र कार्यक्रमिक अनुगमनबाट नीति, कानून, योजना, कार्यक्रम तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयनमा महत्त्वपूर्ण सहयोग पुग्ने संविधानले अपेक्षा गरेको हो ।

### ४.२. अनुगमनको आवश्यकता महत्त्व, औचित्य र स्थापित मान्यता:

"Power tends to corrupt, and absolute power corrupts absolutely." भन्ने प्रसिद्ध भनाईलाई मान्ने हो भने जहाँ शक्ति हुन्छ त्यहाँ भ्रष्टाचार हुन्छ । जहाँ भ्रष्टाचार हुन्छ, त्यहाँ सुशासन र लोकतन्त्रको कुनै तत्त्व पनि बाँकी रहँदैन । तसर्थ लोकतन्त्र र सुशासनका लागि शक्तिको निगरानी, खबरदारी र अनुगमनको आवश्यकता पर्दछ । निगरानी, खबरदारी र अनुगमनको प्रक्रियाले लोकतन्त्र र सुशासन प्रवर्द्धनन गर्न सघाउ पुर्‍याउँछ । लोकतन्त्र, शान्ति र विकास आजको आवश्यकता हो भने सोको परिपुर्तिका लागि अनुगमनको खाँचो पर्दछ । आधुनिक राज्यहरू बिना कुनै अपवाद सबैको धेय लोकतन्त्र, शान्ति, विकास र समृद्धि हो । यसको प्रबर्धन गर्ने हो भने अनुगमन जरुरी छ ।[1] त्यसमा पनि कार्यकारीको अनुगमन मार्फत पारदर्शिता, सुशासन र जनउत्तरदायी शासन कायम गर्न संसदीय वा छुट्टै जनप्रतिनिधि मूलक संरचना मार्फत अनुगमनको आवश्यकता पर्दछ ।

अनुगमन कार्य लोकतन्त्र, पारदर्शिता र सुशासनका लागि हो भने यसको महत्त्व[2] आफैंमा व्यापक छ । राज्यका निकायहरू जसले अधिक शक्तिको प्रयोग गर्छन तिनले सो क्रममा शक्तिको दुरुपयोग नगरून भन्ने प्रयोजनका लागि गरिने खबरदारी र निगरानीले महत्त्व राख्दछ । समयमै भएका निगरानीले शक्तिको दुरुपयोग रोक्न र शक्तिको सदुपयोग गर्न उत्प्रेरित गर्दछ । राज्यको साधन स्रोतको सदुपयोग गर्नमा मद्दत गर्दछ । राज्यका तर्फबाट जनताका निम्ति गरिने सेवा प्रवाहको प्रभावकारितामा वृद्धि गर्छ । पारदर्शी र जनउत्तरदायी शासनको प्रवर्द्धन गर्दछ । तसर्थ, एक सामान्य

[1] Parliamentary Function of Oversight | Agora (agora-parl.org)
[2] Parliamentary Oversight - Security Sector integrity

अनुगमनको कार्यले कार्यकारीको काम कारबाहीको दिशा सच्याईदिने, र तिनका लागि दिशानिर्देश गर्नेसम्मको काम हुन्छ भने अनुगमनको महत्त्वलाई असिमित बनाईदिन्छ भन्न सकिन्छ ।

यो अध्ययन अत्यन्त सिमित साधन स्रोत र सामग्रीका आधारमा गरिएको हो, तथापि यसले अनुगमनका बारेमा बुझाइमा स्पष्टता ल्याउन, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा भएका अभ्यासहरूको सामान्य जानकारी गराउन, संसदीय अनुगमनका बारेका भिन्न भिन्न वुझाइका कारण झेल्नु परेका समस्याहरूलाई न्यूनिकरण गर्न तथा जनप्रतिनिधिमूलक संस्थाको अनुगमनको प्रक्रियालाई थप प्रभावकारी बनाई सरकारको रखवारी खबरदारीका माध्यमबाट लोकतन्त्र, सुशासन, पारदर्शिता सहितको असल शासनको प्रादुर्भाव गर्न थप योगदान गर्ने र स्थानीय सभाका समितिहरू, संसदीय समितिहरू, स्थानीय सभाका सदस्यहरू, संसद , सांसद र संसदीय तथा समितिका अनुगमन सम्बन्धी अध्यनहरूका लागि पनि उपयोगी हुनेछ ।

"अनुगमन किन गरिन्छ ?" भन्ने बारेमा स्पष्ट हुन जरूरी छ, त्यसमा पनि जनप्रतिनिधिमूलक संस्था संसदीय समिति मार्फत कार्यकारीको अनुगमन गर्ने प्रक्रिया नौलो हैन, तथापि अनुगमनका मान्यताहरूमा बिस्तारै परिवर्तन हुँदै, विकास हुँदै गएको पनि छ । सँग सँगै यसमा विकृति पनि आउन थालेको छ । यसबाट सचेत हुँदै हाम्रो सन्दर्भमा संसदीय अनुगमनको मान्यता के हो भन्ने बारेमा स्पष्ट हुन सके, जनप्रतिनिधिमूलक संस्था वा संसदीय अनुगमनको प्रक्रियालाई थप प्रभावकारी बनाउन सकिएला भन्ने आशयले अन्तर्राष्ट्रिय रूपमा चलिआएको अभ्यास समेतका आधारमा अनुगमनको स्थापित मान्यताका रूपमा रहेका निम्न विषयहरूलाई जो हाम्रो सन्दर्भमा समेत उपयोगी हुने भएकाले यस प्रकार उल्लेख गरिएको छः

१. राज्यका निकायहरूका बीचमा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन कायम हुन्छ ।
२. पारदर्शी शासन प्रणालीको स्थापना हुन्छ ।
३. जनताप्रतिको उत्तरदायित्वको मान्यता स्थापित हुन्छ ।
४. कानून, संविधान र लोकतन्त्रप्रतिको उत्तरदायित्वपूर्ण शासन प्रणालीको स्थापना हुन्छ ।

## ४.३. अनुगमन सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासः

यद्यपि जिल्ला समन्वय समितिको तहबाट अनुगमनको अन्तर्राष्ट्रिय अभ्यास पाईंदैन । अनुगमनको अभ्यास पाईन्छ त केवल संसदले सरकारको सरकारी कामको अनुगमन गर्ने । केवल दृष्टान्तका लागि मात्रै अन्तर्राष्ट्रिय रूपमा संसदले सरकारको अनुगमन किन कसरी गरिरहेको छ भन्ने विषय बुझ्न सहज हुने हिसाबले मात्रै यहाँ समावेश गरिएको छ । जनप्रतिनिधिमूलक संस्था, संसदले गर्ने अनुगमनकै प्रक्रियालाई जनप्रतिनिधिमूलक संस्थाकै प्रतिनिधित्व गर्ने जिल्ला समन्वय समितिले समेत अवलम्बन गर्दा फलदायी हुने अनुमानका साथ सन्दर्भको रूपमा यहा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### क. क्यानाडा

**क्यानडामा**[3] संसदले कार्यकारी अंगको अनुगमन गर्न विभिन्न स्थायी तथा विशिष्टिकृत समितिहरूको व्यवस्था गरिएको छ, जसलाई Officers of Parliament भनिन्छ । तिनको कार्यदेश, काम कर्तव्य र अधिकार संसदीय कानूनद्वारा नै निर्धारित छ । संघीय शासन प्रणाली अवलम्बन गरेको मुलुक हुनाका नाताले संघीय सरकार र प्रान्तीय सरकारहरूको निगरानी र खबरदारीका लागि प्रत्येक प्रदेशले आआफ्ना संसदीय अनुगमन कार्यालयहरू स्थापना गरेका छन् र तिनका लागि छुट्टा छुट्टै

[3] IPU PARLINE database: CANADA (Senate), Oversight

अधिकारीहरूलाई जिम्मा दिईएको छ । ती अधिकारीहरूले आफ्नो अध्ययन प्रतिवेदन संसदमा प्रस्तुत गर्दछन् । स्वार्थ बाझिएको विषयमा काम कारबाही भएका पो छन कि, गलत लविङका आधारमा काम भएका पो छन् कि, बित्तिय अवस्था, अर्थतन्त्रको प्रवृत्ति विश्लेषण समेतको काम Officers of Parliament संसदका पदाधिकारीहरूले गर्दछ ।

## ख. संघीय गणतन्त्र जर्मनी

**जर्मनीमा**[4] कार्यकारीको निगरानी नियन्त्रण र खबरदारीको काम संसदीय समितिका मार्फत हुने गरेको पाईन्छ । मुख्यतः सरकारका अधिकारीहरूलाई समितिमा बोलाएर, समितिमा सोधपुछ गरेर तथा संसदमा लिखित वा मौखिक प्रश्नका माध्यमबाट अनुगमनको काम गर्ने गरेको पाईन्छ ।

सरकारी निकायहरूले समितिको निर्देशन मान्न बाध्य छन् । सरकारी निकायले समितिका निर्देशनहरू पालन गरेनन् भने यस्तो अवस्थामा संसदीय समितिहरूले आफ्नो निर्देशन कार्यान्वयन गराउन संवैधानिक अदालतमा अनुरोध गर्न सक्ने समेत कानूनी व्यवस्था पाईन्छ । भाषिक समस्याको समाधानका लागि अल्पसंख्यक भाषा भाषीहरूले पनि आफ्नो भाषामा प्रश्नोत्तर गर्न पाउने, लिखित प्रश्नको लिखितै जवाफ माग्न पाउने र सो वमोजिम कार्यान्वयन नभएमा संवैधानिक अदालतमा कार्यान्वयनका लागि निवेदन गर्न सक्ने समेतको व्यवस्थाले कार्यकारी संसदको नियन्त्रण र निगरानीमा छ तब लोकतन्त्र सुदृढ छ भन्न सकिन्छ ।

## ग. गणतन्त्र ईटाली

**ईटालीमा**[5] कार्यकारी अंगको नियन्त्रण र निगरानी गर्न Service for Parliamentary Control Unit संसदीय नियन्त्रण इकाइ मार्फत गर्ने प्रचलन छ । यो सेवाले सरकारका कामको दैनिक निगरानी र खबरदारी गर्ने र सोको भिन्न भिन्न ईकाईको प्रतिवेदन संसदमा पेश गर्ने काम गर्दछ र यो सेवाको नियमित निरिक्षण अनुगमन भने संसदीय समितिले गर्दछ । कानूनहरूको कार्यान्वयन भएको छ, छैन र ती कानूनहरूको कार्यान्वयन गर्न नियमहरू बनाइएका छन् कि छैनन् ?, यसै गरी कानून बाहेकका संसदीय निर्देशनहरूको परिपालना भएको छ कि छैन ?, सोको निगरानी गर्ने र नियमित अनुगमन गर्ने र संसदप्रति सरकार जवाफदेही छ भन्ने कुराको नियमित परिक्षण गर्ने समेतका कामको जिम्मेवारी दिएको पाईन्छ ।

## घ. जापान

**जापान**[6]मा सरकार संसदको नियन्त्रण र निगरानीमा छ भन्ने पुष्टि हुन्छ । सरकारका कामको जाँच गर्ने काम संसद आफै, सांसदहरू, संसदीय समितिहरू र संसद वा संसदीय समितिले खटाएका सदस्यहरू समेतले गर्न सक्दछन् ।[7] अनुगमनका दौरान समितिले मागेका सुचना र दस्तावेज सरकारले अनिवार्य रूपमा उपलव्ध गराउन पर्दछ । संसदीय समितिले मागेका सूचना उपलव्ध गराउन नसकेमा सोको चित्तबुभ्दो जवाफ दिन नसकेमा समितिले उक्त सूचना राष्ट्रिय हित र सुरक्षामा आँच पुग्ने भनी उपलव्ध गराउन नसकिने भनी जवाफ दिएमा पनि संसदीय समितिले Board of Audit लाई अनुरोध गरी थप छानविन गर्न र प्रतिवेदन सार्वजनिक गर्न सक्दछ । संसदमा उपस्थित हुन, माग गरिएको दस्तावेज प्रस्तुत गर्न बोलाईएका हरेक व्यक्तिले संसदमा कानून वमोजिमको सत्य र निष्ठाको

---

[4] IPU PARLINE database: GERMANY (Deutscher Bundestag), Oversight

[5] IPU PARLINE database: ITALY (Senato della Repubblica), Full text

[6] About this Collection | Legal Reports (Publications of the Law Library of Congress) | Digital Collections | Library of Congress (loc.gov)

[7] IPU PARLINE database: JAPAN (Sangiin), Oversight

शपथ लिनुपर्दछ । उक्त शपथ लिन अस्वीकार गरेमा वा माग बमोजिमको लिखत उपलव्ध गराउन अस्वीकार गरेमा वा समितिमा उपस्थित हुन अस्वीकार गरेमा कैद र जरिवाना हुने व्यवस्था गरिएको छ ।

### ङ संयुक्त अधिराज्य बेलायतः

सरकारी कामको नियन्त्रण र खबरदारीका लागि जे जे गर्न पनि सक्षम हुने समितिका रूपमा अनुगमन गर्ने संसदीय समितिहरूलाई लिईन्छ । यी बाहेक पनि खास खास समयमा आइपर्ने कामका लागि अस्थायी प्रकृतिका समितिहरू पनि गठन गर्ने प्रचलन छ । ती समितिहरू पनि सरकारको रखवारी र खबरदारीका लागि नै काम गर्दछन् । बेलायती संसदका संसदीय समितिहरूले कुनै पनि व्यक्ति वा पदाधिकारीहरूलाई बोलाउन, कागजातहरू उपलव्ध गराउन सक्षम छन् तर संसदका सदस्य र पदाधिकारीहरूलाई मौखिक वा लिखित प्रमाण उपलव्ध गराउन वाध्य गर्ने अधिकार भने Standing orders of the house of commons 2015-16 का आधारमा छैन भनिन्छ ।

### च. गणतन्त्र भारतः

अन्य मुलुकमा जस्तै भारतमा[8] पनि संसदीय प्रणाली भएको र संसदको काम सरकारलाई उत्तरदायी बनाईराख्ने, उसका कामकारबाहीलाई पारदर्शी बनाईराख्ने र लोकतन्त्र र विधिको शासनलाई कायम राख्ने नै हो । यो प्रयोजनका लागि भारतमा संसदीय अनुगमनका लागि दुई माध्यम प्रभावकारी भएको पाईन्छ ।[9] संसदको फुल हाउस मार्फत नियन्त्रण निगरानी र खबरदारी गर्ने र अर्को समिति मार्फत अनुगमन गर्ने ।

यसै गरी संसदमा सार्वजनिक महत्त्वको प्रस्ताव उपर छलफल गरेर, विशेष समय लिएर सो समयमा बहस गरेर सरकारको ध्यान जनताको समस्यामा केन्द्रीत गरेर वा संसद मार्फत प्रस्ताव पारित गरी सरकारलाई निर्देशन दिएर वा जरुरी सार्वजनिक महत्त्वका विषयमा सदनमा बहस गरेर जनता र सरकारलाई जोड्ने र सरकारलाई हमेशा जनताप्रति उत्तरदायी बनाईराख्ने काम गर्दछ ।

### छ. दक्षिण अफ्रिकाः

दक्षिण अफ्रिकाको संविधानको धारा ४२(३) र ५५(२) ले कार्यकारीका हरेक काम कारबाहीमा अनुगमन अनिवार्य ठान्दछ ।[10] यसै गरी राष्ट्रिय एकता र सुरक्षा कायम राख्न संसदले हस्तक्षेप गर्न सक्ने व्यवस्था धारा ४४ मा गरिएको छ । यसै गरी संविधानको धारा ३७ ले कार्यकारीलाई संकटकालको घोषणा गर्ने पनि छुट दिँदैन संसदीय कानूनबिना संकटकाल लगाउन नपाईने व्यवस्था समेत संविधानले गरेको छ । युद्ध वाह्य आक्रमण वा विद्रोह भएको अवस्थामा जारी गरिएको संकटकाल पनि २१ दिनभन्दा बढी हुन सक्दैन अन्ततः संसदबाटै अनुमोदन हुन जरुरी छ । दक्षिण अफ्रिकाको संविधान आफैंमा सरकारको अनुगमन र निगरानीका लागि पूर्ण दस्तावेजका रूपमा लिन सकिन्छ[11] । संविधानको कार्यान्वयन संविधानका प्रावधानहरूको अनुसरण सरकार संसद र सबै सरकोकारवालाहरूको दायित्व हो । तदनुकुल संसद चल्न वाध्य हुने कुरा संविधानले नै सरकारलाई अनुगमन गरिराख्ने दायित्व संसदको हो भनी तोकिदिएबाट प्रष्ट हुन्छ ।

---

[8] Indian Constitution, article 89-151 has mentioned role and power of the parliament.

[9] Parliamentary Oversight in India: Meaning, Issues, Effects | UPSC - IAS EXPRESS

[10] Constitution of South Africa article 42(3) and 55(2)

[11] Parliament_Oversight_and_Accountability_Model.pdf

### ४.४.अनुगमनका लागि आवश्यक शिफारिस सहितको प्रतिवेदनः

राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यास मान्यता र सिद्धान्त समेतको विश्लेषणका आधारमा नेपालको सन्दर्भमा संसदीय अनुगमन निगरानी र खबरदारी हुने गरेको सन्दर्भ समेतलाई ध्यानमा राखी जिल्ला समन्वय समितिका तर्फबाट हुने अनुगमनको प्रकृति र स्वरूप केही भिन्न भए पनि कामको प्रकृति मिल्ने भएकाले आमरूपमा मान्यता प्राप्त अभ्यासहरूलाई आवश्यकताका आधारमा जिल्ला समन्वय समितिको अनुगमनका सन्दर्भमा समेत प्रयोग गर्न सकियो भने उपयुक्त हुने ठानी केही बुँदा यहाँ उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

अनुगमनको लक्ष्य विषय अनुसार फरक फरक प्रकृतिको हुने भएकाले सबैका हकमा एकै प्रकारको निर्देशिका तयार गर्न सम्भव छैन । तथापि अनुगमनका आवश्यक तत्त्व संक्षेपमा निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

१ आर्थिक दृष्टिले मितव्ययी, सक्षम र प्रभावकारी उच्च गुणस्तरको सेवाको उपलब्धता ।
२. संवैधानिक कानूनी अख्तियारी, रणनीतिक योजना र बजेट अनुकुलता ।
३. राज्यको समग्र उद्देश्य र नीतिलाई आत्मसात गर्दै अर्थपूर्ण योगदान ।

प्रभावकारी अनुगमनका लागि राम्रो तयारी जरुरी छ । कुनै घटना, परियोजना वा वार्षिक प्रतिवेदन आदि, जे का आधारमा अनुगमन गर्न खोजिएको हो सोको योजना, बजेट, सोको कार्यान्वयन र प्राप्त प्रतिवेदन र सो उपर विभिन्न सरोकारवालाहरू, मिडियाका माध्यमबाट वा विज्ञहरूको प्रतिक्रिया समेत आएको भए सो समेतका बारेमा(नियमित योजना भए यस वर्ष र अघिल्ला वर्षहरूको समेत) पर्याप्त सूचना प्राप्त भएको र सोका बारेमा आधारभूत जानकारी भएको हुनुपर्दछ । यसका साथै यो विषयमा आफ्नो क्षेत्राधिकार र सम्बन्धित कानूनहरूको जानकारी उपलब्ध भएको हुनुपर्दछ ।

**अनुगमनका लागि निम्न[12] तालिकाको अवलम्बन भएमा सही परिणाम हासिल गर्ने अपेक्षा गर्न सकिन्छ ।**

| | |
|---|---|
| राम्ररी तयारी गर्नुहोस | अनुगमन प्रक्रिया थालनी गर्नु अघि अनुगमन गर्ने विषय र सो सँग सम्बन्धित आवश्यक सबै सूचनाहरू तपाई सँग छन् |
| समयसीमा बारे हेक्का राख्नुहोस् | स्पष्टताका साथ काम आरम्भ गर्दै, तत्कालीन, मध्यकालीन र काम सम्पन्न गर्ने लक्ष्य निर्धारण गर्नुहोस |
| सरोकारवालाको ख्याल राख्नुहोस् | अनुगमन प्रक्रियाका लागि सम्वन्धित मन्त्रालय, विभाग, सरकारी निकाय सहित प्रादेशिक विभागहरू, वा अन्य कुनै संस्थाहरू पनि उपयोगी हुन सक्लान् |
| प्राथमिकतामा केन्द्रित हुनुहोस् | यो अनुगमन कार्यको प्रभाव कहाँ पर्नेछ, सोको स्पष्ट चित्र र प्राथमिकतामा केन्द्रीत हुनुहोस् |
| विषयमा सिर्जनात्मक हुनुहोस् | अनुगमनको प्रक्रियामा नयाँ विषयहरू र विकल्पहरू आए र ती विषयहरूलाई स्पष्ट गर्न सहयोगी हुन्छन् भने, त्यसलाई पनि समावेश गर्नमा लचिलो हुनुहोस् |
| परामर्शमा खुला हुनुहोस् | संसद बाहिरका विज्ञहरू, संघ संस्था र सँगठनहरू वा अन्य सरोकारवालाहरूसँग पनि खुला रूपमा परामर्श हुनुहोस् |

[12] Guideline for Legislative Oversight through Annual Reports... (treasury.gov.za)

| | |
|---|---|
| सोंचमा अग्रगामी हुनुहोस् | अनुगमनको उद्देश्य भनेको भविष्यमा सेवा प्रवाहमा सुधार होस् भन्ने हो भन्ने कुरा सदैव सम्झनुहोस् |

पूर्व तयारी पुरा भएपछि समितिले आफूलाई प्राप्त दस्तावेज, सामग्री र सूचना समेतका आधारमा सम्बन्धित निकाय वा अधिकारीहरूलाई आमन्त्रण गर्नु पर्दछ । आमन्त्रित उपयुक्त अधिकारीहरूबाट विषयको बारेमा संक्षिप्त प्रस्तुती गराउन पनि सकिन्छ । यदि आफूसँग सम्बन्धित विषयको सूचना पर्याप्त छ भने सोधपुछ आरम्भ गर्न सकिन्छ । सोधपुछ गर्दै आफूलाई प्राप्त सूचना र अधिकारीहरूबाट प्राप्त जानकारीका बीचमा तालमेल भए नभएको यकिन गर्न पर्दछ । सूचनाका बीचको तालमेल वा पर्याप्तताका आधारमा निष्कर्षमा पुग्न सकिन्छ ।

सामान्यतयाः प्राप्त सूचना, सामग्रीहरू, सम्बद्ध दस्तावेज तथा कानूनहरू, सम्बद्ध सरकारी अधिकारीहरूबाट प्राप्त सूचना र उनीहरूद्धारा भएको प्रस्तुतीबाटै अनुगमनको प्रक्रिया सम्पन्न गरी तत्काल सुझाव वा निर्देशन दिन पर्ने भए सो कुरा र तत्काल निर्देशन वा सुझाव दिन नपर्ने भए अन्तिम प्रतिवेदनको तयारीमा लाग्न पर्दछ । प्राप्त सूचना र प्रस्तुतीबाट पनि प्रष्ट हुन नसकेको अवस्थामा मात्रै स्थलगत निरिक्षणमा जानु पर्दछ । तर स्थलगत निरिक्षणमा जानुअघि पनि आफूले निरिक्षण गर्न चाहेको विषयको सूचना, सामग्री दस्तावेज, सो सम्बद्ध अधिकारीहरूका प्रतिवेदनहरू, तत् सम्बन्धी मिडिया रिपोर्टिङ, विज्ञहरूका मत र तत्काल सो स्थानको स्थलगत अवस्थिति समेतका बारेमा आधारभूत जानकारी हासिल गरिसकेको हुन पर्दछ । सम्पूर्ण जानकारी प्राप्त भैसकेर पनि स्थलगत निरिक्षण गर्न पर्ने हो भने के विषयमा केन्द्रीत हुन स्थलगत निरिक्षण गर्न परेको, सो खास विषयमा केन्द्रीत भै आफ्नो स्थलगत निरिक्षणको कार्य आरम्भ गर्न पर्दछ ।

पूर्व तयारी, पर्याप्त सूचना संकलन, सम्बद्ध अधिकारीहरू सँगको सोधपुछ समेतका आधार र आवश्यकतानुसार स्थलगत निरिक्षण समेतका आधारमा पर्याप्त सूचना संकलन भैसकेपछि सोको प्रतिवेदन तयारीमा लाग्नुपर्दछ ।

प्रतिवेदन समग्र कामको पृष्ठभूमि, प्रक्रिया र परिणाम समेत हुने भएकाले यसको निर्माण ठोस, मूर्त, सरल र कार्यान्वयनयोग्य हुन जरुरी छ । यसका लागि देहायका विषयमा ध्यान दिनुपर्छः

१. अनुगमन गर्दा पारित गरेको नीति तर्जुमा र लागु गरिएको कानूनको मिति मापदण्डको स्वीकृति जस्ता विषयहरूको विवरण उल्लेख गर्नुपर्छ ।
२. योजनाको सम्बन्धमा कुन प्रकारका योजना बनेका हुन्, सो सम्बन्धी उल्लेख गर्नुपर्छ ।
३. सूचकमा आधारित भइ बजेट बिनियोजन र प्राथमिकता क्रम निर्धारण गरिएको छ छैन, उल्लेख गर्नुपर्छ ।
४. सम्बन्धित अधिकारी वा निकायले पेश गरेको प्रतिवेदन भए सो प्रतिवेदन पेश गर्ने अवधि, तोकिएको फर्म्याट सहित अन्य कुराहरू परिपालना भए नभएको उल्लेख गर्न पर्दछ ।
५. प्रतिवेदनमा अपेक्षित मापदण्ड र गुणस्तरका बारेमा विभिन्न प्रतिवेदनहरूले औंल्याएका टिप्पणीहरूका बारेमा उल्लेख गर्नुपर्दछ ।
६. पालना गर्न पर्ने सम्बद्ध कानूनहरूको परिपालना भए नभएको र तदनुकुल बजेट बिनियोजन भए नभएको समेत उल्लेख गर्नुपर्दछ ।
७. खर्चको प्रकृति र प्रवृत्ति, सोको उपयोगिता, प्रयोग, उपयोग, सदुपयोग वा दुरुपयोग भए वा नभएको कुरा, लेखा परिक्षकको टिप्पणी भए, सो कुरा र सो बारेमा सम्बन्धित संस्थाको आन्तरिक संयन्त्रका रूपमा नियन्त्रण र निगरानीको व्यवस्था भए सो कार्य र सो कार्य सम्पन्न गर्ने संयन्त्रको भूमिका समेतका बारेमा उल्लेख गर्नु पर्दछ ।

८. सो संस्थाले हासिल गरेको उपलव्धीको स्तर, स्थलगत निरिक्षण भएको भए, सो समेतका कुराको प्रतिवेदनसँगको संयोजन समेतका बारेमा उल्लेख गर्नुपर्दछ ।
९. अनुगमन गरिएको संस्था वा निकायको मौजुदा जनशक्तिको अवस्था तिनको सक्षमता र तत्सम्बन्धी सम्बन्धित संस्थाको नीतिका बारेमा पनि उल्लेख गर्नु उपयुक्त हुन्छ ।
१०. अनुगमन गरिएको संस्था वा निकायको बिगतका कामको मूल्याङ्कन र सोही मूल्यांकनका आधारमा भविष्यका कामका बारेमा समेतको सुझाव प्रस्तुत गर्न पर्दछ ।
११. अनुगमन गरिएको संस्था वा निकायको कामको मुल्यांकन तत्सम्बन्धी क्षमता, कामको उत्पादकत्व एवं सोको परिक्षण र अनुगमनबाट प्राप्त भएको राय प्रस्तुत गर्न पर्दछ ।
१२. सम्बन्धित संस्था वा निकायको स्रोत साधनको उपलव्धता र आपूर्ति बन्दोबस्तको अवस्थाको समेत मूल्यांकन गर्न पर्दछ ।
१३. सम्बन्धित संस्था वा निकायको साझेदारीको अवस्था, थप प्रभावकारीताका लागि साझेदारीको उपलव्धता र प्रयोगका बारेमा समेत उपायहरूको खोजी र सुझाव दिन पर्दछ ।[13]
१४. सम्बन्धित संस्था वा निकायले आधुनिक प्रविधिको प्रयोग गरे नगरेको बारेमा सुझाव दिन पर्दछ ।
१५. अन्य विशिष्ठ सुझावहरू समेत भए सो समेत प्रतिवेदनमा सामेल गर्नु पर्दछ ।
१६. समितिले अपेक्षा गरेको र अनुगमन गरेको खास विषयमा ध्यानाकर्षण सहित समितिको निष्कर्ष सहितको सिफारिसका बारेमा संक्षेपमा उल्लेख गर्नुपर्दछ ।

माथि उल्लेखित विभिन्न खण्डमा चर्चा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र अनुभवहरूको पृष्ठभूमिमा जिल्ला समन्वय समितिले गर्ने अनुगमनका सन्दर्भमा यो दस्तावेज तयार गरिएको हो । नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रमहरूको प्रभावकारिता र सार्थक कार्यान्वयनका लागि अनुगमनको महत्त्वपूर्ण भूमिका रहन्छ । अनुगमनको माध्यमद्वारा स्थानीय तहबाट हुने सेवा प्रवाहप्रतिको उत्तरदायित्व र जवाफदेहीता कायम गर्ने, नीतिगत आधारमा विकास कार्यमा गरिएको लगानी तथा प्रतिफल सुनिश्चित गरी विकासका नतिजाबाट जनसमूदायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रवाहहरूको मापन तथा लेखाजोखा गर्ने र अध्ययन तथा अनुभवहरूबाट पृष्ठपोषण प्राप्त गरी भावी नीति तथा कानून तर्जुमा तथा कार्यक्रमहरूलाई थप प्रभावकारी र नतिजामुखी बनाउने उद्देश्यले अनुगमन सूचकहरू समेत यो अवधारणापत्रमा समावेश गरिएको छ ।

## क. अनुगमनका क्षेत्र:

अनुगमन एउटा व्यवस्थापकीय पद्धति तथा औजार हो । संविधानको धारा २२० को (७) ले जिल्ला सभाको काम, कर्तव्य, अधिकारमा विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने कुरा उल्लेख छ । यसको प्रयोग जिल्ला समन्वय समितिले गर्ने गरी संरचना खडा भएको छ । पन्ध्रौं योजनाले अनुगमन तथा मूल्याङ्कनका लागि ऐन तर्जुमा गर्ने, अनुगमन कार्यलाई गुणस्तरीय बनाउन संहिता तथा स्तरीय मापदण्ड बनाई लागू गर्ने, जिल्ला समन्वय समिति लगायत अनुगमन र समन्वयकारी निकायलाई सो कार्यका लागि प्रभावकारी बनाइने भन्ने व्यहोरा उल्लेख छ ।

स्थानीय तहमा दुई प्रकृतिका संरचना खडा भएका छन् । गाउँपालिका र नगरपालिका कार्यकारिणी निकायका रूपमा र जिल्ला समन्वय समिति समन्वय र अनुगमनकर्ताको रूपमा खडा गरिएका छन् । यस कार्यका लागि खडा गरिएको जिल्ला समन्वय समितिबाट हुने नीतिगत र कार्यक्रमिक

[13] Guideline for Legislative Oversight through Annual Reports… (treasury.gov.za)

समन्वय तथा अनुमगनबाट नीति, कानून, योजना, कार्यक्रम तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयनमा महत्त्वपूर्ण सहयोग पुग्ने संविधानले अपेक्षा गरेको छ । सो संवैधानिक व्यवस्था अनुरूप जिल्ला समन्वय समितिले गर्ने पहिलो चरणको अनुगमानका लागि देहायका बिषयवस्तुहरू समावेश गरी सूचकहरू तयार गरिएको छः

(क) विकास भनेको नीतिगत फ्रेमवर्क भएकोले संवैधानिक नीति, राष्ट्रिय नीति, प्रादेशिक नीति तथा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने बिषयमा नीतिगत व्यवस्थापन कार्यान्वयन गरिएको छ, छैन ?,

(ख) संविधानतः स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको कार्यान्वयन गर्दा विधायिकाबाट कानून बनाएर मात्र कार्यान्वयन गर्नुपर्ने प्रावधान बमोजिम भएको छ, छैन ?,

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले मापदण्ड बनाएर कार्यान्वयन गर्नु भनेकोमा त्यसप्रकार भएको छ, छैन ?,

(घ) संविधान प्रदत्त अधिकारको प्रयोग योजना तर्जुमा र विधायिकाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था ठिक ढंगले भएको छ, छैन ?,

(ङ) संविधान प्रदत्त अधिकारको कार्यान्वयन कानून बमोजिम भएको छ, छैन ?,

(च) मौलिक हकसम्बन्धी कानूनको स्थानीय तहबाट गरिनुपर्ने विषय क्षेत्रको कार्यान्वयन भएको छ, छैन ?,

(छ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आवधिक, रणनीतिक, बिषय क्षेत्रगत, दीर्घकालिन, मध्यमकालीन खर्च संरचना, भू-उपयोग योजना बनाएको छ, छैन ?,

(ज) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार योजना तर्जुमाका लागि निर्धारण गरिएका प्राथमिकताका क्षेत्र अनुसार योजना तर्जुमा भएको छ, छैन ?,

(झ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ अनुसार गाउँ/नगरपालिका बीच संयुक्त व्यवस्थापनमा कार्य गर्नसक्ने व्यवस्थाको कार्यान्वयन भएको छ, छैन ?,

(ञ) राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले प्रत्येक स्थानीय तहको विकासको अवस्थाका आधारमा सूचकहरू निर्धारण गरी सो आधारमा राजश्व बाँडफाँड र समानीकरण अनुदान बितरणका लागि सिफारिस गर्ने गरेको छ । सोही सिफारिसका आधारमा गाउँपालिका र नगरपालिकाले स्रोत मापन गर्ने गरेका छन् । त्यसरी प्राप्त भएका स्रोतहरूलाई उनीहरूले बितरण गर्दा आफ्नो पालिका भित्र स्थान र समूदाय विशेष सूत्रहरूको प्रयोग गरी न्यायपूर्ण ढंगले बजेट विनियोजन गरेका छन् छैनन् ?,

(ट) दीगो विकास लक्ष्य स्थानीयकरणमा निर्धारण गरिएका कार्यक्रमहरू समेटी गाउँ तथा नगरपालिकाले योजना र कार्यक्रम समेटेका छन्, छैनन् ? र

(ड) प्रदेशहरूले निर्माण गरेको स्थानीय सभा सञ्चालन सम्बन्धी कार्यविधि ऐनको परिपालना भएको छ वा छैन ?, आदि ।

**ख. अनुगमनका सूचकहरू :**

**(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (२) सँग सम्बन्धित नीति, योजना, मापदण्ड, कार्यान्वयन र कानून निर्माणसँग सम्बन्धित सूचकहरू**

| विषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| नगर प्रहरी | | | | | | | | | | | |
| सहकारी संस्था | | | | | | | | | | | |
| एफएम सञ्चालन | | | | | | | | | | | |
| स्थानीय कर, सेवा शुल्क तथा दस्तुर | | | | | | | | | | | |
| स्थानीय सेवाको व्यवस्थापन | | | | | | | | | | | |
| स्थानीय तथ्यांक र अभिलेख संकलन | | | | | | | | | | | |
| स्थानीय स्तरका विकास आयोजना तथा परियोजना | | | | | | | | | | | |
| आधारभूत र माध्यमिक शिक्षा | | | | | | | | | | | |
| आधारभूत स्वास्थ्य र सरसफाई | | | | | | | | | | | |
| स्थानीय बजार व्यवस्थापन | | | | | | | | | | | |
| वातावरण संरक्षण | | | | | | | | | | | |
| जैविक विविधता | | | | | | | | | | | |
| स्थानीय सडक, कृषि सडक, ग्रामीण सडक | | | | | | | | | | | |
| सिँचाई | | | | | | | | | | | |
| गाउँसभा/नगरसभा | | | | | | | | | | | |

| विषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | | | | | | | | | | | |
| स्थानीय अभिलेख व्यवस्थापन | | | | | | | | | | | |
| जग्गाधनी दर्ता प्रमाण पुर्जा बितरण | | | | | | | | | | | |
| कृषि तथा कृषि उत्पादन व्यवस्थापन | | | | | | | | | | | |
| पशुपालन, पशु स्वास्थ्य | | | | | | | | | | | |
| जेष्ठ नागरिक | | | | | | | | | | | |
| अपांगता भएका व्यक्ति | | | | | | | | | | | |
| अशक्तहरूको व्यवस्थापन | | | | | | | | | | | |
| बेरोजगारहरूको तथ्यांक संकलन | | | | | | | | | | | |
| कृषि प्रसारको व्यवस्थापन | | | | | | | | | | | |
| खानेपानी | | | | | | | | | | | |
| साना जलविद्युत | | | | | | | | | | | |
| वैकल्पिक उर्जा | | | | | | | | | | | |
| विपद् व्यवस्थापन | | | | | | | | | | | |
| जलाधार | | | | | | | | | | | |
| बन्यजन्तु | | | | | | | | | | | |
| खानेपानी तथा खनिज पदार्थको संरक्षण | | | | | | | | | | | |
| भाषा | | | | | | | | | | | |
| सँस्कृति | | | | | | | | | | | |

| विषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| ललितकलाको संरक्षण र विकास | | | | | | | | | | | |

**(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) सँग सम्बन्धित नीति, योजना, मापदण्ड, कार्यान्वयन र कानून निर्माणसँग सम्बन्धित सूचकहरू**

| विषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| खेलकुद र पत्रपत्रिका | | | | | | | | | | | |
| स्वास्थ्य | | | | | | | | | | | |
| विद्युत | | | | | | | | | | | |
| खानेपानी | | | | | | | | | | | |
| सिँचाई | | | | | | | | | | | |
| सेवाशुल्क, दस्तुर, दण्डजरिवाना, रोयल्टी, पर्यटन शुल्क | | | | | | | | | | | |
| बनजंगल, बन्यजन्तु, चराचुरुङ्गी | | | | | | | | | | | |
| जल उपयोग | | | | | | | | | | | |
| वातावरण, पर्यायवरण | | | | | | | | | | | |
| जैविक विविधता | | | | | | | | | | | |
| सामाजिक सुरक्षा र गरिबी निवारण | | | | | | | | | | | |
| व्यक्तिगत घटना, जन्म मृत्यु, विवाह र तथ्यांक | | | | | | | | | | | |

| बिषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| सुकुम्बासी व्यवस्थापन | | | | | | | | | | | |
| प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | | | | | | | | | | | |
| सवारी साधन अनुमति | | | | | | | | | | | |

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (५) संम्बन्धित नीति, योजना, कानून, मापदण्ड, कार्यान्वयन सँग सम्बन्धित सूचकहरू**

| विषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| भूमि व्यवस्थापन | | | | | | | | | | | |
| सञ्चार सेवा | | | | | | | | | | | |
| यातायात सेवा | | | | | | | | | | | |

**(३) मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरूसँग सम्बन्धित स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने प्रावधानहरूको कार्यान्वयन अवस्था**

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| बालबालिका सम्बन्धी ऐन, २०७५ | ४८ | अनाथ, अभिभावकविहिन, वैकल्पिक हेरचाह चाहिने, विपन्न, दलित समुदायका बालबालिकाको पहिचान र तथ्यांक | | | |
| | ५२ | विशेष संरक्षणको व्यवस्था (आवश्यक बालबालिकाका लागि) | | | |
| | ६० | स्थानीय बालअधिकार समिति गठन व्यवस्थापन | | | |
| | ६१ | स्थानीय बालकल्याण अधिकारीको व्यवस्था | | | |
| | ५७ | बालसंरक्षण मापदण्ड निर्माण र लागू | | | |
| | ६० | बालअधिकार समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि तर्जुमा | | | |
| | ६३ | स्थानीय बालकोषको स्थापना | | | |
| | | आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क पूरा | | | |

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | ४ | माध्यमिक तहसम्मको शिक्षा सबैलाई निशुल्क प्रदान गर्ने कार्य | | | |
| | १४ | पायक पर्ने विद्यालय नपाएका बालबालिकाका लागि वैकल्पिक शिक्षाको व्यवस्था | | | |
| | १७ | आधारभूत तह पूरा गरेका बालबालिकाका लागि माध्यमिक वा प्राविधिक शिक्षा उपलब्धताको अवस्था | | | |
| | १८ | अभिभावक पहिचान नभएका बालबालिकाका लागि शिक्षा सम्बन्धी सम्पूर्ण व्यवस्था स्थानीय तहबाट गर्ने कार्य | | | |
| अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | २१ | शैक्षिक सत्र प्रारम्भ हुनु ३ महिना पूर्व पालिकाले पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने | | | |
| | २२ | विपन्न बालबालिकाका लागि शैक्षिक सामग्री प्रदान गर्ने कार्य | | | |
| | | विद्यालयमा प्रयोगशाला, अतिरिक्त क्रियाकलाप सामग्री, खेल सामग्री, खेलकुद पूर्वाधार, कम्प्युटर सूचना प्रविधि व्यवस्था | | | |
| | २३ | पछाडि परेको क्षेत्र, समूदाय, विपन्न वा अपांगता भएका नागरिकका परिवारका बालबालिकालाई मासिक छात्रवृत्ति प्रदान | | | |
| | २४ | सार्वजनिक विद्यालयमा स्वास्थ्य परामर्श र उपचारको प्रवन्ध | | | |
| | ३० | वार्षिक बजेटमा शिक्षाका लागि बजेट विनियोजन | | | |
| | ३६ | गाउँ/नगर सभामा प्रत्येक वर्ष विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तह पूरा गरेका बालबालिकाको संख्या, आधारभूत तह पूरा नगरी विद्यालय छाड्नेको संख्या, आधारभूत र माध्यमिक तहको लागि विनियोजित रकम सहितको प्रतिवेदन प्रस्तुत | | | |
| खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन, २०७५ | ४ | भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समूदाय र क्षेत्रको पहिचान र अभिलेख राख्ने काम | | | |
| | | भोकमरी वा भोकमरीको जोखिम निराकरणका लागि प्रदेश र संघसँगको समन्वयमा खाद्य सञ्चिति र वितरणको व्यवस्था | | | |

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| | ५ | गरिबी, भौगोलिक विकटता, विपद वा अन्य कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घरपरिवारको पहिचान र अभिलेख राख्ने र अद्यावधिक गर्ने कार्य | | | |
| | ६ | लक्षित घरपरिवारलाई खाद्य सहायता परिचयपत्र उपलब्धता गराउने कार्य | | | |
| | ७ | लक्षित घरपरिवारलाई सहुलियत र खास प्रकृतिका लक्षित घरपरिवारलाई निशुल्क खाद्य सहायता उपलब्ध गराउने कार्य | | | |
| | ९ | तीन तहको समन्वयमा खाद्य भण्डारण सुविधा विस्तार र खाद्य संचिति गर्ने कार्य | | | |
| | १३ | कृषिको व्यवसायीकरण, औद्योगिकीकरण र प्राविधिकरण गर्ने कार्य | | | |
| | १४ | नेपाल सरकारले गरेको वर्गीकरणको आधारमा किसान परिचयपत्र जारी गर्ने कार्य | | | |
| | १५ | कृषियोग्य भूमिको वर्गीकरण | | | |
| | १६ | कृषि बजारको व्यवस्था | | | |
| | १७ | कृषियोग्य भूमिको दीगो व्यवस्थापन कार्य | | | |
| | १८ | दलित लोपोन्मुख, आदिवासी किसान र भूमिहिन किसानको हकहितको संरक्षण्का लागि लक्षित कृषि विकास कार्यक्रम सञ्चालन | | | |
| | २६ | खाद्य अधिकार, सुरक्षा र सम्प्रभुताको अधिकार संरक्षण र प्रबर्धनका लागि आपूर्ति र वितरण प्रणाली सहज बनाउन पालिका अध्यक्ष र प्रमुखको अध्यक्षतामा खाद्य समन्वय समिति गठन गर्ने कार्य | | | |
| रोजगारीको हक सम्बन्धी ऐन, २०७५ | ८ | रोजगार कार्यक्रम सञ्चालन कार्य | | | |
| | | रोजगार कार्यक्रममा महिला, दलित, विपन्न, सहिद परिवार र बेपत्ता परिवारलाई प्राथमिकता दिनुपर्ने कार्य | | | |
| | ९ | रोजगार सेवा केन्द्र स्थापना कार्य | | | |

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| | ११ | बेरोजगार व्यक्तिको सूची तयार गरी अभिलेख अद्यावधिक गर्ने कार्य गरी प्रदेश र संघमा पठाउने कार्य | | | |
| | १३ | रोजगारदाताको सूची अद्यावधिक गरी राख्ने कार्य | | | |
| | १७ | तोकिए बमोजिम निर्देशक समिति गठन गर्ने कार्य | | | |
| | २० | बेरोजगारको लागि रोजगारीको अवसर सम्बन्धी सूचना, सीपमूलक तालिम, सहुलियतपूर्ण ऋण र रोजगार सिर्जना गर्ने कार्य | | | |
| | २३ | रोजगार कार्यक्रमका लागि बजेटको व्यवस्था | | | |
| | २९ | रोजगार सम्बन्धी कार्यक्रमको नियमित अनुगमन गर्ने कार्य | | | |
| आवासको अधिकार सम्बन्धी ऐन, २०७५ | ७ | तीन तहको समन्वयमा आवास विहिन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गर्ने कार्य | | | |
| | ९ | आवास उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोवास अवस्था खुल्ने गरी लगत संकलन गर्ने कार्य र प्रदेश/संघमा पठाउने कार्य | | | |
| | १० | तोकिए बमोजिमको परिचयपत्र वितरण गर्ने कार्य र सो विवरण प्रदेश र संघमा पठाउने कार्य | | | |
| | १३ | विपदबाट विस्थापित व्यक्ति तथा परिवारलाई अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउने कार्य | | | |
| अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ | ४ | अपांगताको वर्गीकरण र परिचयपत्र वितरण कार्य | | | |
| | ६ | अपांगता भएका व्यक्तिको विवरण सहितको अभिलेख तयारी र अद्यावधिक कार्य र प्रदेश र संघमा पठाउने कार्य | | | |
| | २१ | प्राविधिक तथा व्यावसायिक शिक्षा निःशुल्क उपलब्धता | | | |
| | २३ | अपांगता भएका व्यक्तिलाई सीप, कला साहित्यका लागि सुविधा प्रदान कार्य | | | |
| | ४२ | नगर प्रमुख वा गाउँपालिका अध्यक्षको संयोजकत्वमा अपांगता व्यक्तिको संरक्षण र हकहितका लागि समन्वय समिति गठन कार्य | | | |

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| | ४३ | अस्पताल र विद्यालयमा सहज पहुँचको कार्य | | | |
| | ५८ | अपांगता भएका व्यक्तिको अधिकार संरक्षण कार्यका लागि संरक्षण अधिकृत तोक्ने कार्य | | | |
| उपभोक्ता संरक्षण ऐन, २०७५ | १२ | ● बिना भेदभाव उपभोक्तालाई सेवा प्रदान<br>● मूल्यसूची पारदर्शी रूपमा राख्ने कार्य<br>● माग बमोजिम सेवाको वितरण उपलब्धता | | | |
| | २८ | वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर र शुद्धताका बिषयमा बजारको स्थलगत सुपरिवेक्षण तथा अनुगमन गर्न बजार अनुगमन समितिको गठन गर्ने कार्य | | | |
| | २९ | अनुचित व्यापारिक क्रियाकलाप भए वा नभएको, मूल्यसूची राखे वा नराखेको, वस्तु वा सेवाको गुणस्तर, परिमाण वा मूल्य सम्बन्धी अनुगमन तथा निरिक्षण गर्न बजार अनुगमन टोली गठन गर्ने कार्य | | | |
| | ६४ | बजार अनुगमन कार्य व्यवस्थित गर्न निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्ने कार्य | | | |
| जनस्वास्थ्य सेवा ऐन, २०७५ | ३ | दश प्रकारका स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने कार्य | | | |
| | ४ | आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने कार्य | | | |
| | ६ | प्रेषण (रेफरल) सेवा कानून बमोजिम उपलब्ध गराउने कार्य | | | |
| | १२ | सबै सेवाग्राहीलाई समान व्यवहारको प्रत्याभूति | | | |
| | १५ | डिस्चार्ज गर्दा जानकारी सहितको डिस्चार्ज सारांश दिने कार्य | | | |
| | १६ | योग्य सेवा प्रदायकबाट सेवा प्रदान गर्ने कार्य | | | |
| | २१ | सरकारी, सामुदायिक वा निजी क्षेत्रले प्रवाह गर्ने सेवा प्रवाहको मापदण्ड पालना | | | |
| | २४ | विद्यालय स्वास्थ्य सेवा प्रवाह | | | |
| | २५ | स्वास्थ्य संस्थाले गुणस्तरीय स्वास्थ्य सेवा दिने कार्य | | | |

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| | २९ | अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्ने कार्य | | | |
| | ४१ | मापदण्ड बमोजिम सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्य | | | |
| | ४२ | स्वास्थ्यमैत्री आवास, यातायात र सडक पूर्वाधार निर्माण | | | |
| | ४३ | पर्याप्त खेल, मनोरञ्जन स्थल, पार्क, पैदल हिँड्ने व्यवस्था, साइकल लेन निर्माण कार्य | | | |
| | ४६ | सामाजिक र साँस्कृतिक अन्धविश्वास नियन्त्रण कार्य | | | |
| | ४७ | लक्षित समूहका लागि विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन | | | |
| | ४८ | आपत्कालिन स्वास्थ्य सेवा सञ्चालन | | | |
| | ४९ | संक्रामक रोगको रोकथाम कार्य | | | |
| | ६० | संघ र प्रदेशमा प्रतिवेदन दिने कार्य | | | |
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ | ६ | प्रसूति सेवा प्रदान गर्ने कार्य | | | |
| | ७ | आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्ने कार्य | | | |
| | ८ | नवजात शिशुको स्वास्थ्य स्याहार गर्ने कार्य | | | |
| | ९ | शिशुको जन्म अभिलेख राख्ने कार्य र प्रमाणपत्र दिने कार्य | | | |
| | १० | परिवार नियोजन सेवा प्रदान गर्ने कार्य | | | |
| | १३ | प्रसूति विदाको प्रचलन गराउने कार्य | | | |
| | | कार्यालय भित्र दूध खुवाउने कक्ष छुट्याउने कार्य | | | |
| | १८ | कानून बमोजिम आवश्यकता अनुसार सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने कार्य | | | |
| | २२ | विनियोजित रकमबाट विपन्न महिलाको मातृत्व प्रजनन् स्वास्थ्य संस्थाले प्राप्त गर्ने व्यवस्था | | | |
| | २३ | वार्षिक बजेटमा मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको लागि आवश्यक बजेट विनियोजन गर्ने कार्य र स्वास्थ्य संस्थाले प्राप्त गर्ने व्यवस्था | | | |

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| | २८ | परिवार नियोजन प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन् स्वास्थ्य रुग्णता सेवामा किशोरी तथा अपांगतामैत्री प्रावधान | | | |
| | ३० | मानसिक रूपले अशक्त, परिवारबाट तिरस्कृत महिलाको प्रजजन् स्वास्थ्य संरक्षणका लागि संरक्षण गृहमा राख्ने व्यवस्था मिलाउन तहगत समन्वय कार्य | | | |
| सामाजिक सुरक्षा ऐन, २०७५ | १६ | सामाजिक सुरक्षा पाउने व्यक्तिलाई परिचयपत्र दिने कार्य | | | |
| | १७ | परिचयपत्रको आधारमा भत्ता बितरण | | | |
| | १८ | सुरक्षा भत्ताको अभिलेख राख्ने कार्य | | | |
| | २० | सुरक्षा भत्ता दोहोरो नपर्ने गरी वितरण गर्ने कार्य | | | |
| | २७ | अनाथ बालबालिका, अशक्त तथा असहाय व्यक्ति, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको हेरचाहको लागि हेरचाह केन्द्र स्थापना गरी सञ्चालन गर्ने कार्य | | | |
| | २८ | सामाजिक सुरक्षा भत्ता बितरणको विवरण चौमासिक रूपमा प्रदेश र संघमा पठाउने कार्य | | | |
| अपराध पीडित संरक्षण ऐन, २०७५ | १९ | पीडितको सामाजिक पुनःस्थापनाको लागि तहगत समन्वयमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने कार्य | | | |
| वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५ | १० | वातावरण संरक्षण क्षेत्र तथा खुला वा हरियाली क्षेत्र भित्र तोकिए बमोजिम कुनै काम गर्न तोक लगाउने कार्य | | | |
| | | स्थानीय तहको परामर्शमा कुनै क्षेत्रलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय पुनस्थापनाका लागि उपयुक्त आदेश | | | |
| | १३ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट संयुक्त वातावरण कोष स्थापना | | | |
| जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ | ५ | जेष्ठ नागरिकको पालनपोषणको लागि परेको उजूरीमा वडाध्यक्षको आदेश वा न्यायिक समितिको आदेश र कार्यान्वयन | | | |

| सम्बन्धित ऐन | सम्बन्धित दफा | बिषय क्षेत्र | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| | | जेष्ठ नागरिकलाई परिवारले हेरचाह नगरेको अवस्थामा हेरचाह केन्द्रमा राखी पालनपोषण गर्ने व्यवस्था | | | |
| | ८. क | • जीवनयापनमा समस्या परेका जेष्ठ नागरिकको लागि परिवार वा हकवालालाई बैंक खातामा निश्चित रकम जम्मा गर्न लगाउने कार्य<br>• जेष्ठ नागरिकको निवेदन द्रुत प्रक्रियाबाट सम्पादन गर्न कार्यविधि बनाई लागू गर्ने कार्य | | | |
| | ९ | • सार्वजनिक सवारी साधन, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा सेवा र सुविधा उपलब्ध गराउने कार्य<br>• स्वास्थ्य संस्थाले जेष्ठ नागरिकलाई प्राथमिकता दिने कार्य<br>• उपचार गराउँदा कम्तीमा ५० प्रतिशत छुट दिने कार्य<br>• खानेपानी, बिजुली, टेलिफोन आदि सार्वजनिक सेवा प्रदायक संस्थाले प्राथमिकता दिने कार्य | | | |
| | ११ | जेष्ठ नागरिकसँग सम्बन्धित कुनै काममा प्राथमिकता दिई सम्पादन गर्ने कार्य | | | |
| | १५ | स्थानीय तहमा जेष्ठ नागरिक समिति गठन गरी राजपत्रमा सूचना प्रकाशित गर्ने कार्य र बैठक र काम कारबाहीको निरन्तरता दिने कार्य | | | |
| | १६ | जेष्ठ नागरिकको लगत, अभिलेख, अद्यावधिक सुरक्षा योजना, अनुगमन तथा हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, जेष्ठ नागरिक क्लब आदिको स्थापना र अनुगमन कार्य | | | |

**(४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ सँग सम्बन्धित**

**योजना तर्जुमाका प्रकार र सो सम्बन्धी सूचकहरू**

| बिषय क्षेत्र | प्रकार | बनेको | नबनेको | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | आएको | नआएको | |
| योजना तर्जुमा | वार्षिक | | | | | |
| | आवधिक | | | | | |
| | रणनीतिक | | | | | |
| | बिषय क्षेत्रगत | | | | | |
| | मध्यकालिन खर्च संरचना | | | | | |
| | भू-उपयोग | | | | | |
| | दीर्घकालिन | | | | | |

**(५) योजना तर्जुमामा प्राथमिकता दिनुपर्ने बिषय क्षेत्रलाई प्राथमिकता दिइनुपर्ने स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ सँग सम्बन्धित**

| प्राथमिकता दिनुपर्ने बिषय क्षेत्र | वार्षिक/आवधिक योजनामा प्राथमिकता दिएको वा नदिएको | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | दिएको | नदिएको | भएको | नभएको | |
| क. आर्थिक विकास र गरिबी निवारण | | | | | |
| ख. उत्पादनमूलक | | | | | |
| ग. आम्दानी र रोजगार बढ्ने | | | | | |
| घ. सहभागिता जुट्ने र लागत कम हुने | | | | | |
| ङ. स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने | | | | | |
| च. महिला, बालबालिका, पिछडा वर्ग, क्षेत्र र समूदायलाई लाभ पुग्ने | | | | | |

| प्राथमिकता दिनुपर्ने बिषय क्षेत्र | वार्षिक/आवधिक योजनामा प्राथमिकता दिएको वा नदिएको | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | दिएको | नदिएको | भएको | नभएको | |
| छ. लैंगिक समानता र सामाजिक समावेशीकरण बृद्धि हुने | | | | | |
| दीगो विकास, वातावरणीय संरक्षणलाई सहयोग पुग्ने | | | | | |
| भाषिक तथा साँस्कृतिक पक्षको संरक्षण र अभिबृद्धि हुने | | | | | |

**(६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ सँग सम्बन्धित गाउँ/नगरपालिका बीच संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने**

| साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गरिने कार्यहरू | साझेदारीमा | | सम्झौतामा | | संयुक्त व्यवस्थापनमा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | |
| क. वृहत् पूर्वाधार, ठूला मेशिन औजार खरिद | | | | | | | |
| ख. विपद् व्यवस्थापन | | | | | | | |
| ग. फोहरमैला व्यवस्थापन, प्रशोधन | | | | | | | |
| घ. दमकल, एम्बुलेन्स | | | | | | | |
| ङ. पर्यटन | | | | | | | |
| च. संयुक्त उद्यम | | | | | | | |
| छ. बजार व्यवस्थापन | | | | | | | |
| ज. प्राविधिक शिक्षा | | | | | | | |
| झ. अन्य | | | | | | | |

**(७) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजश्व बाँडफाँडका लागि लिएको आधार र ढाँचा बमोजिम गाउँपालिका र नगरपालिकालाई भार र प्रतिशत निर्धारण गरी सिफारिस गरेको छ। सो अनुसार प्राप्त स्रोतलाई स्थानीय तहले पनि आफ्नो ठाउँमा सोही अनुसार बितरण र विभाजन गर्नुपर्ने हुन्छ। सो बमोजिम के भएको छ त ?:**

| क्र. सं | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशत) | ढाँचा भार प्रतिशतमा | बजेट विनियोजन अनुरूप | |
|---|---|---|---|---|---|
| | | | | भएको | नभएको |
| १ | जनसंख्या र जनसांख्यिक विवरण<br>क) कुल जनसंख्या<br>ख) आश्रित जनसंख्या | <br>७०%<br>३०% | ६०% | | |
| २ | क्षेत्रफल (भूगोल) | | १५% | | |
| ३ | मानव विकास सूचांक | | ५% | | |
| ४ | खर्चको आवश्यकता | | ५% | | |
| ५ | राजश्व संकलनमा गरेको प्रयास | | ३% | | |
| ६ | पूर्वाधार विकास :<br>क. सडकको घनत्व (सडकमा पहुँच)<br>ख. विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>ग. सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)<br>घ. खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>ङ. सरसफाई (शौचालयको उपलब्धता) | <br>६०%<br>१०%<br><br>१०%<br>१०%<br>१०% | १०% | | |
| ७ | विशेष अवस्था<br>क. अपांगता भएको जनसंख्या<br>ख. आर्थिक सामाजिक असमानता | <br>२०%<br>८०% | २% | | |
| | जम्मा | | १००% | | |

**(८) सूत्रमा आधारित समानीकरण अनुदान**

| क्र.सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशत) | ढाँचा (भार प्रतिशत) | बजेट विनियोजनको सूचकको आधारमा | |
|---|---|---|---|---|---|
| | | | | भएको | नभएको |
| १ | मानव विकास सूचकांक | | १०% | | |
| २ | आर्थिक सामाजिक असमानता | | ५% | | |
| ३ | पूर्वाधार विकासको अवस्था<br>च. सडकको घनत्व<br>छ. विद्युतको सुविधा<br>ज. सूचना प्रविधिको सुविधा<br>झ. खानेपानीको सुविधा (पहुँच)<br>ञ. सरसफाई (शौचालयको उपलब्धता) | <br>६०%<br>१०%<br>१०%<br>१०%<br>१०% | १०% | | |
| ४ | राजश्वको अवस्था | | ५% | | |
| ५ | खर्चको आवश्यकता | | ७०% | | |
| | जम्मा | | १००% | | |

**(९) राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित दीगो विकास लक्ष्य : स्थानीयकरण स्रोत पुस्तिकाको पृष्ठ ७ मा उल्लेखित स्थानीय तहबाट सम्पादन गर्नुपर्ने कार्यविवरण**

| बिषय क्षेत्र | दीगो विकासको लक्ष्य | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|
| | | भएको | नभएको | |
| आर्थिक विकास | गरिबीको अन्त्य | | | |
| | शून्य भोकमरी | | | |
| | मर्यादित काम तथा आर्थिक बृद्धि | | | |
| | असमानतामा कमी | | | |
| सामाजिक विकास | राम्रो स्वास्थ्य तथा स्वास्थ्य जीवन | | | |
| | गुणस्तरीय शिक्षा | | | |
| | लैंगिक समानता | | | |

| बिषय क्षेत्र | दीगो विकासको लक्ष्य | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|
| | | भएको | नभएको | |
| | स्वच्छ खानेपानी तथा सरसफाई | | | |
| पूर्वाधार विकास | धान्न सक्ने तथा स्वच्छ उर्जा | | | |
| | उद्योग, नवीनखोज तथा पूर्वाधार | | | |
| | दीगो सहर तथा समुदाय | | | |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | दीगो उपभोक्ता तथा उत्पादन | | | |
| | जलवायु कार्य | | | |
| | जमिन माथिको जीवन | | | |
| | शान्ति, न्यायपूर्ण तथा सबल संस्था | | | |
| | बहुसरोकार साझेदारी | | | |

**(१०) प्रदेशसभाहरूले निर्माण गरेको स्थानीय सभा सञ्चालन ऐन सँग सम्बन्धीत नमूना सूचकः-**

| बिषय | पटक | | | कैफियत |
|---|---|---|---|---|
| | एक | दुई | दुई भन्दा बढी | |
| सभाको अधिवेशन आह्वान वर्षमा | | | | |

| विषय | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|
| | छ | छैन | |
| बैठकमा सदस्यको आसन निर्धारण भएको | | | |
| बैठकमा पेश भएका विषयमाथि छलफल गर्न समयअवधि तोकिने गरिएका | | | |
| बैठकमा पालना गर्नु पर्ने कुराको पालना भएको | | | |
| बैठकमा निर्णयार्थ प्रस्ताव पेश गर्दा ***हुन्छ ,हुन्न वा मत दिन्न*** भनी मत विभाजन भएको | | | |
| कार्यपालिकाले बिधेयक तर्जुमा गर्दा अवधारणापत्र तयार गर्न सरोकारवाला र विज्ञ सँग छलफल हुने गरेको | | | |
| विधेयक तयारी गर्दा तिनले विवरण तयार गर्ने गरिएका | | | |
| विधेयक प्रस्तुत गर्दा प्रत्यायोजित विधायन बारेको टिप्पणी संलग्न गर्ने ***गरिएको*** | | | |

| विषय | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|
| | छ | छैन | |
| सभामा प्रस्तुत विधेयक माथि संसोधन प्रस्ताव दर्ता गर्ने ***परम्परा*** | | | |
| सभाले विषयगत समिति बनाएको | | | |
| सभाले विधेयकहरू विधायन समितिमा पठाउने गरेको | | | |
| विधायन समितिले विधेयकको आवश्यक छलफलमा सरोकारवाला र विज्ञहरूलाई वोलाउने ***परम्परा छ वा छैन ।*** | | | |
| सभामा वा विषयगत समितिमा आफैंले बनाएका कानून कार्यान्वयनको अवस्थाबारे ***छलफल हुने गरेको*** | | | |

| बिषय | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|
| | हुन्छ | हुँदैन | |
| बैठकमा कार्यसूचि र समयतालिका वितरण | | | |
| बैठकमा पालना गर्नुपर्ने आचरणको पालना | | | |

उल्लेखित कुराहरूको विवरण तयार गर्दा तथ्यगत आधारहरू समेत संलग्न गरिनु उपयुक्त हुनेछ ।

# परिच्छेद-५

## अबको बाटो

अनुगमन तथा समन्वयका सम्बन्धमा भावी कार्यदिशाः अनुगमन तथा समन्वय विशिष्ट प्रकृतिका कार्यहरू हुन र यो एउटा निरन्तर प्रक्रिया पनि हो यसकारण जिल्ला समन्वय समिति मार्फत सम्पादन गरिने यस कार्यलाई आगामी दिनमा थप प्रभावकारी सञ्चालनको लागि यस अध्ययन मार्फत निम्न कार्यहरू तत्काल गर्न आवश्यक देखिएका छन्ः

(१) जिल्ला समन्वय समिति संविधानले जिल्ला तहमा अनुगमन र समन्वयका लागि संविधानद्वारा खडा गरिएको एक महत्त्वपूर्ण जनप्रतिनिधिमूलक संरचना हो । संवैधानिक उद्देश्य हासिल गर्न यसको सक्षमता, क्रियाशीलता, र विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक प्राविधिक जनशक्ति, प्रयोगशाला र क्षमता विकासमा जोड दिनु पर्दछ ।

(२) नेपालको संविधानले गाउँपालिका र नगरपालिकालाई अधिकतम् विश्वास र भरोसा गरी शक्ति हस्तान्तरण गर्दै सहभागितामूलक लोकतन्त्रको माध्यमद्वारा विकासका कामहरू जनताले प्राप्त गर्ने र समृद्धि हासिल गर्ने अपेक्षा गरिएको छ । गाउँपालिका र नगरपालिकाले बनाउने नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा र स्थानीय तथा राष्ट्रिय कार्यक्रमको कार्यान्वयनको अवस्थामा के कस्तो छ भन्ने विषयमा जिल्ला समन्वय समितिले अनुगमनका आवश्यक सूचकहरू तयार गरी सोको आधारमा विश्वसनीय ढंगले अनुगमन गर्ने प्रणालीको विकास गर्नु पर्दछ ।

(३) जिल्ला समन्वय समितिले गर्ने अनुगमनका सूचकहरू तयार गर्दा गाउँपालिका र नगरपालिकाका लागि संविधानका अनुसूचि ८ र ९ का सम्बन्धमा स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐनले गरेका व्यवस्थाहरू, मौलिक हक सम्बन्धी कानूनका व्यवस्थाहरू, दीगो विकास लक्ष्यको स्थानीयकरण, प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेका सूचकहरू, प्रदेशसभाले बनाएका स्थानीय सभा सञ्चालन ऐनले गरेका व्यवस्थाहरू लगायत प्रचलित ऐनले स्थानीय तहबाट समपादन गरिने भनि उल्लेख भएका व्यवस्थाहरूमा आधारित हुनु पर्दछ ।

(४) पन्ध्रौं राष्ट्रिय योजनाले प्रतिबद्धता जनाए अनुरूप जिल्ला समन्वय समितिबाट हुने समन्वय र अनुगमनका लागि छुट्टै ऐन ल्याइनुपर्दछ ।

(५) समन्वय तथा अनुगमन एउटा निरन्तर कार्य हो । समयसापेक्ष यो गतिशील र परीमार्जित विधि प्रविधि र व्यवस्थापनमा सम्पादन गरिनु पर्दछ । यसका लागि जिल्ला समन्वय समितिलाई तदनुकुलको प्रविधि र क्षमतायुक्त बनाइनु पर्दछ ।

(६) पन्ध्रौं योजनाले उल्लेख गरे बमोजिम जिल्ला समन्वय समिति लगायत अनुगमन गर्ने निकायहरूको संहिता तथा स्तरीय मापदण्ड बनाई लागु गरिनु आवश्यक छ ।